

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा
नागाँचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क :१३० ★ ने. सं. ११४६ अनला गा, द्वितीया ★ मङ्गलबार ★ १९ जेठ, २०८३ ★ June 2, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# सास रहुञ्जेल जिम्मेवारीबाट पछि हट्दिन : इरानका राष्ट्रपति



तेहरान । इरानका राष्ट्रपति मसुद पेजेश्कियानले सास रहेसम्म आफ्नो जिम्मेवारीबाट पछि नहट्ने बताएका छन् । उनले आफ्नो राजीनामाबारे इजरायल समर्थित एक सञ्चारमाध्यमले फैलाएको समाचारको प्रत्यक्ष खण्डन गर्दै यस्तो प्रतिक्रिया दिएका हुन् ।

आइतबार मन्त्रिपरिषद्को बैठकलाई सम्बोधन गर्दै पेजेश्कियानले भने- "म सास रहुन्जेल आफ्नो जिम्मेवारीमा रहनेछु । या त हामी दृढतापूर्वक अगाडि बढ्छौँ या सहिद हुन्छौँ । दुवै अवस्थामा त्यो हाम्रो विजय हुनेछ ।"

उनले आफ्नो जीवनको मूल्य दिवङ्गत सर्वोच्च नेता अली खामेनीकोको भन्दा बढी नरहेको उल्लेख गर्दै देशका समस्या समाधान गर्न सबैले सक्रिय रूपमा जिम्मेवारी निर्वाह गर्नुपर्ने बताए । उनले भने, "हामी मैदानमा उपस्थित भएर समस्याहरू व्यवस्थापन गर्नुपर्छ । हामीले इमानदारीपूर्वक काम गर्नुपर्छ, अनि ईश्वरले अवश्य सहयोग गर्नुहुनेछ ।"

पेजेश्कियानको यो अभिव्यक्ति इजरायल समर्थित टेलिभिजन नेटवर्क इरान इन्टरनेसनलले प्रसारण गरेको एक समाचारपछि आएको हो । उक्त सञ्चारमाध्यमले पेजेश्कियानले इस्लामिक गणतन्त्रका सर्वोच्च नेताको कार्यालयमा पदबाट हट्ने इच्छा व्यक्त गर्दै पत्र पठाएको दाबी गरेको थियो ।

समाचारमा उनले सर्वोच्च नेताका रूपमा उल्लेख गरिएका मोज्तबा खामेनीको कार्यालयमा राजीनामा माग गर्दै पत्र पठाएको भनिएको थियो । तर, इरानी सरकारले उक्त दाबीलाई तुरून्तै अस्वीकार गरेको छ ।

सरकारकी प्रवक्ता फतेमेह मोहजेरानीले सरकारी समाचार संस्था आईआरएनएसँग कुरा गर्दै उक्त समाचारलाई अस्थिरता सिर्जना गर्ने प्रयासको हिस्सा भएको बताइन् । उनले भनिन्, "जब राष्ट्रिय एकता बलियो बन्छ र इरानी जनताले कठिन घडीमा एकजुट भएको देखाउँछन्, तब शङ्का, निराशा र अस्थिरता फैलाउने प्रयासहरू बढ्छन् ।"

प्रवक्ता मोहाजेरानीका अनुसार आइतबारको मन्त्रिपरिषद् बैठकको अध्यक्षता स्वयं राष्ट्रपति पेजेश्कियानले गरेका थिए । बैठकमा उनले जनताको सेवा, राष्ट्रिय एकताको संरक्षण तथा देशका काम कारबाहीलाई निरन्तर अगाडि बढाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याएका थिए । उनका अनुसार पेजेशकियानले बैठकमा स्पष्ट रूपमा भने, "जनताले हामीलाई सुम्पिएको जिम्मेवारीबाट म पछि हट्ने छैन ।"

राजीनामाको हल्लालाई खण्डन गर्ने क्रममा पेजेशकियान आइतबार साँझ इरानका नायक नामक खेलकुद कार्यक्रमको समापन समारोहमा पनि सहभागी भएका थिए । १ करोडभन्दा बढी जनमतका आधारमा चयन गरिएका उत्कृष्ट खेलाडीहरूलाई सम्मान गर्न आयोजित उक्त कार्यक्रममा उनको सक्रिय सहभागिताले उनी नियमित सरकारी तथा सार्वजनिक गतिविधिमा संलग्न रहेको देखाएको छ ।

इरानका सरकारी अधिकारीहरूले यस घटनालाई सरकारविरूद्ध भ्रम फैलाउने प्रयास भन्दै पेजेश्कियान आफ्नो पदमा यथावत् रहेको बताएका छन् ।

# नेपालकै भूमिमा गरिएको तटबन्ध निर्माणमा एसएसबीको अवरोध : सुस्ता बचाउ अभियान




काठमाडौँ, १८ जेठ । सुस्ता बचाउ अभियान नवलपरासी नेपालले दुवै पक्षले विवादित नभनेको भूमिमा पनि भारतले नेपाललाई तटबन्ध निर्माण गर्न नदिएको जनाएको छ ।

नेपाल पक्षका अनुसार थारू टोलको सिमलको रूखसम्म नेपाल पर्दछ । भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले भने सिमलको रूखभन्दा करिब एक सय मिटर तल रहेको भेल्लरको रूखसम्म मात्र नेपालको हो भन्दै आएको छ । तर तटबन्धको काम भइरहेको भेल्लरको रूखभन्दा पनि तल (नेपालतर्फ) हो ।

"भारतले नै दाबी गरेको क्षेत्रभन्दा ३० मिटर नेपालतर्फ बनेको तटबन्ध पनि एसएसबीले रोकेको छ", सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जैसवालले भने ।

नेपालको दाबीअनुसारको सिमलको रूखसम्म समेट्ने गरी १३२ मिटर लामो तटबन्ध बनाउने गरी ठेक्का लगाइएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत चितवनको भरतपुरस्थित सिँचाइ तथा जलस्रोत आयोजना कार्यालयले नारायणी नदीको बाढी नियन्त्रणका लागि पश्चिम नवलपरासीको सुस्तामा करिब १२ करोडको लागतमा तटबन्ध निर्माणको काम गर्दै आएको छ ।

नदीको तलतिर (डाउनस्ट्रिम) करिब एक किलोमिटर लामो तटबन्ध निर्माणको काम भइरहेको छ । अहिले काम भइरहेको करिब ४०० मिटर माथितिर (अपस्ट्रिम) तर्फ थप १३२ मिटर लामो तटबन्ध बनाउनको लागि ठेक्का लागिसकेको छ । तर, काम सुरु हुन बाँकी छ ।

'अस्ति एसएसबीका एक जना प्रतिनिधि अहिले काम भइरहेको ठाउँमा आएर काम रोक्नु भनेका थिए, त्यो क्रम हिजो पनि जारी रह्यो," स्रोतले भन्यो ।

स्रोतका अनुसार भारतले आफ्नो भनेर दाबी गरेको र १३२ मिटरको बाँध बनाउन ठेक्का लागेको ठाउँतिर काम नै

***बाँकी पृष्ठ ८ मा***

# राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश - ५

भदौ २३ गते प्रदर्शनको प्रमुख माग नै सामाजिक सञ्जालमा लागेको प्रतिबन्ध हटाइ अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, भ्रष्टाचारको अन्त्य र सुशासन बहाली रहेको देखिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा १९ ले प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्तिको अधिकार र धारा २० ले शान्तिपूर्वक सभा-सम्मेलन गर्न पाउने अधिकार सुनिश्चित गरेको छ । नागरिक तथा राजनैतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा १९ (२) ले प्रत्येक व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता, उपधारा (३) ले "अरुको अधिकार तथा प्रतिष्ठाको सम्मान र राष्ट्रिय सुरक्षा सार्वजनिक व्यवस्था वा नैतिकताको संरक्षणको विपरीत हुन सक्ने अवस्था भएमा अभिव्यक्ति स्वतन्त्रतामा मनासिब बन्देज लगाउन सक्ने" भनी उल्लेख गरेको छ ।

संविधान अनुकूल नहुने गरी नेपाल सरकारको कार्यकारी आदेशबाट जारी हुने सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को प्रयोग गरी सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने आदेश स्वयम्मा असंवैधानिक रहेको देखिन्छ । मानव अधिकारको दृष्टिकोणबाट हेर्ने हो भने यस्तो सार्वजनिक चासोको विषयमा कानुन निर्माण गर्दा सरोकारवाला नागरिकको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ । सरोकारवाला नागरिकको सहभागिता र उनीहरूको परामर्शबिना हुने यस्ता कार्य लोकतान्त्रिक पद्धति, मानव अधिकारको विश्वव्यापी मान्यता र सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २० समेतको बर्खिलाप भइ स्वीकार्य हुन सक्दैन । संविधानले दिएको मौलिक हकमा प्रतिबन्ध लगाउने गरी उल्लिखित निर्देशिका, २०८० जारी गर्ने कार्य र कार्यान्वयन गर्ने तत्कालीन सञ्चार तथा सूचनामन्त्री पृथ्वी सुब्बा गुरुङलाई मानव अधिकार उल्लङ्घनकर्ता

***बाँकी पृष्ठ २ मा***


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप माध्यमिक विद्यालय

भक्तपुर, देकोचा

**Email:** info@khwopahss.edu.np, **URL:** khwopahss.edu.np

## शिक्षक आवश्यकतासम्बन्धी सूचना

ख्वप मा.वि.को लागि देहायबमोजिमका विषय शिक्षकहरू आवश्यक भएको हुँदा सेवा गर्न इच्छुकहरूले मिति २०८३ जेठ ३१ गते, कार्यालय समयभित्र विद्यालय प्रशासन शाखामा निवेदन दिन सूचित गरिन्छ । निवेदनसाथ एसईईदेखि कम्तीमा स्नातकोत्तर तहसम्मको शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरण संलग्न गर्नुपर्नेछ ।

**आवश्यक शिक्षकको विवरण :**

| विषय | आवश्यक सङ्ख्या | तह/श्रेणी/सेवा | आवश्यक न्यूनतम शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|
| Mathematics | १ | माध्यमिक द्वितीय (बी) पूर्णकालीन अस्थायी सेवा | कम्तीमा स्नातकोत्तर तहमा दोस्रो श्रेणी वा सो सरहको ग्रेडसहित उत्तीर्ण हुनुपर्ने । | प्लस टु लेभलमा कम्तीमा ५ वर्ष शिक्षण गरेको अनुभव हुनुपर्ने । |
| Computer Science | १ | | | |
| Chemistry | २ | पिरियड बेसिस | | शिक्षण अनुभव भएकालाई प्राथमिकता दिइनेछ । |
| Computer Science | २ | | | |

**तल उल्लेखित सूचाङ्कहरूको आधारमा मूल्याङ्कन गरी आवेदकहरूको छनोट सूची तयार गरिनेछ ।**

१. शैक्षिक प्रमाणपत्र अङ्क-१०
२. विषयविज्ञको उपस्थितिमा विषयगत प्रस्तुति अङ्क-२५
३. अनुभवपत्र अङ्क-५
४. अनुसन्धान तथा आर्टिकल प्रकाशन अङ्क-५
५. तालिम तथा प्रशिक्षण अङ्क-५

***नोट** : कम्प्युटर विज्ञान विषय पिरियड बेसिसको हकमा स्नातक तह उत्तीर्णहरूले पनि निवेदन दिन सकिनेछ ।*



# मित्र देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति स्वागतयोग्य

नेपाल र चीनको प्राचीन मित्रता हार्दिकता र संवेदनाले जेलिएको छ । जनताको स्तर र राज्य स्तरमा जोडिएको त्यो मित्रता २०१३/१४ सालमा व्यवस्थित कूटनैतिक पुन: स्थापनाको रूपमा अघि बढेको देखिन्छ । दुवै देशको राजनैतिक उथलपुथल र प्राकृतिक विकटताले गर्दा दुई देशको सम्बन्ध एक प्रकारको अवरूद्धताको स्थितिमा पुग्यो । पछि चीनमा चिनियाँ जनवादी क्रान्ति र नेपालमा २००७ सालको क्रान्तिपछि दुवै देश नयाँ युगमा प्रवेश गरे र पुन: कूटनैतिक सम्बन्ध आर्थिक एवम् सांस्कृतिकरूपले पनि अघि बढ्यो ।

पञ्चायतकालमा समाजवादी देश र अन्य मित्र राष्ट्रहरूले आ-आफ्ना जनताको करबाट उठाएको रकमले सहयोग गरी खोलिदिएका उद्योगधन्दा र सेवालाई नेपालमा प्रजातन्त्रको पुन: स्थापना २०४६ पछि निजीकरण गर्नुलाई भ्रूट र लुटको अर्थ नलगाएसम्म कुनै पनि हालतमा कसैले पनि न्यायोचित साबित गर्न सक्दैन । जनतालाई सधैँ मूर्ख सम्झने र मूर्ख बनाउन खोज्ने राजनैतिक शासक दलहरूले कुनै पनि नाम र उद्देश्यले गरेको निजीकरण देशद्रोही नै हो भन्ने कुरा समयले साबित गर्नेछ । त्यस अपराधको हिसाब किताबमा अब बन्ने कुनै पनि सरकारहरूले देशमा आफ्नै खुट्टामा उभिएको उद्योगधन्दाको विकास नगरेसम्म तिनीहरूले आफ्ना 'पाप' हरूलाई मेचीदेखि महाकालीसम्मका कुनै पनि नदीको पानीले पखाल्नसक्ने छैन ।

जनताले नबुझून् र गरिब जनताले पढ्न नपाऊन् भन्ने उद्देश्यले महिनाको हजारौँ र वर्षको लाखौँ युवाहरू श्रमिक र विद्यार्थीको नाममा विदेश पठाउने षड्यन्त्र पनि अर्को अपराध हो । यो अपराध नेपालीहरूको बुद्धिको उपज नभई साम्राज्यवादी र विस्तारवादीहरूकै 'पापी' काम हुन्; नेपाली शासक र गल्लावालहरू त विदेशीहरूकै पिछलग्गू र रोटीको एक टुक्राको निम्ति पछि दौडने निरीह प्राणी हुन् ।

***बाँकी पृष्ठ ८ मा***



**ल्वाङ्ग गाउँ**
कास्कीको माछापुच्छ्रे गाउँपालिका–८ स्थित ल्वाङ्ग गाउँ । *तस्विर : प्रदीपराज वन्त/रासस*

# बचत रकम फिर्ता गर्ने छ हजार बढीको उजुरी

काठमाडौँ, १८ जेठ । काठमाडौँ महानगरपालिका सहकारी विभागमा रु. चार अर्ब ७७ करोड ४९ लाख २३ हजार बचत रकम फिर्ता गरीदिनका लागि छ हजारभन्दा बढी बचतकर्ताले माग गरेका छन् । कामपा सहकारी विभागका अनुसार पछिल्लो समय बचत रकम फिर्ता गरीदिनका लागि अत्यधिक माग आउन थालेको हो ।

सहकारी विकागका प्रमुख ध्रुवकुमार काफ्लेका अनुसार उल्लेखित बचत रकम फिर्ताका लागि गत वैशाख १७ गतेदेखि हालसम्म आएका उजुरीका आधारमा छ हजार ३०० बचतकर्ताले माग गरेका छन् । यसरी माग दाबी गर्ने बचतकर्तामा रु. एक लाखदेखि रु. पाँच लाखसम्मको रकम बढी रहेको उहाँले जानकारी दिनुभयो ।

प्रमुख काफ्लेले भन्नुभयो, "निवेदनका आधारमा औसतमा यसरी उजुरी दिनेमा दैनिक ५०० देखि एक हजार जम्मा गर्ने अर्थात् साना रकम जम्मा गर्ने बचतकर्ताको सङ्ख्या अत्यन्तै बढी छ ।" उहाँका अनुसार उजुरी आएकामध्ये साना बचतकर्ताको सङ्ख्या ७८ प्रतिशत छ ।

कामपाले गत सोमबार र मङ्गलबार गरी बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडले ३४ जना बचतकर्ताको बचत रकम फिर्ता गरेको प्रमुख काफ्लेले जानकारी दिनुभयो । कामपा–६ मा सञ्चालित बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट सहकारी संस्थाले उक्त दिन रु. एक लाख ५० हजारसम्म बचत गर्नेको रकम फिर्ता गरेको हो ।

सहकारीले आगामी एक महिनाभित्र रु. पाँच लाखसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता दिने योजना बनाएको विभागले जानकारी दिएको छ । कामपाले ठूला बचतकर्ताका हकमा सहकारी विभागसँग समन्वय गरेर ऋणीलाई पनि ताकेता गर्ने र बचतकर्ताको पनि बचत रकम फिर्ता गर्दै कार्य अघि बढाएको छ ।

सहकारी विभागले बचत फिर्ता र ऋण असुली दुवै प्रक्रियामा सहजीकरण गरिरहेको कामपा सहकारी विभागको भनाइ छ । विभागका प्रमुख काफ्लेले बचत रकम फिर्ताका लागि गरिने सहजीकरण प्रक्रियाका विषयमा भन्नुहुन्छ, "माग दाबीसहितको निवेदन लिन्छौँ । संस्थाका सञ्चालक र बचत फिर्ता माग गर्नेका बिच छलफल तथा मिलापत्र गराउने प्रयास गर्छौं ।"

वडास्तरको मेलमिलापबाट नटुङ्गिएमा विभागले मिलाउन प्रयास गर्ने प्रमुख काफ्लेले बताउनुभयो । यस क्रममा संस्थाका सञ्चालक सम्पर्कमा आउन अटेर गरेमा कारबाहीका लागि सिफारिस पनि गरिने उहाँले जानकारी दिनुभयो । *(रासस)*

# ब्राइट स्टार इ. स्कूलको ३३ औँ वार्षिक कार्यक्रम

भक्तपुर, १८ जेठ । ब्राइट स्टार इ.स्कूलको ३३ औँ वार्षिक पुरस्कार वितरण तथा स्वागत एवं सांस्कृतिक कार्यक्रम ग:पलीस्थित भक्तपुर पार्टी भेन्युमा सोमबार सम्पन्न भयो ।

कार्यक्रममा इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाले भन्नुभयो, "शिक्षाले गर्दा नै देश र जनताले असल र राम्रो नागरिक प्राप्त गर्छ ।" उहाँले बालबालिकालाई जीवनका महत्त्वपूर्ण कुरा अहिलेदेखि सिकाउनुपर्नेमा जोड दिनुभयो । उहाँले बालकलाई राम्रो शिक्षा दियो भने राम्रो मान्छे बन्नेमा दुईमत नहुने बताउनुभयो ।

भनपा वडा नं. ४ का वडा अध्यक्ष उपेन्द्र सुवालले शिक्षा नीति राम्रो हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "शिक्षा नीति राम्रो भएन भने विद्यार्थीहरूको पढाइ बिग्रिन्छ ।" उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सरसफाइमा पनि ध्यान दिएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं विद्यालयका संस्थापक अध्यक्ष पुष्पलाल सुजखुले विद्यालयको स्थापनाकालदेखि विद्यार्थीहरूलाई गुणस्तर शिक्षा प्रदान गर्दै आएको बताउनुभयो ।

उहाँले विद्यार्थीले विद्यार्थीलाई सिकाउने विधि आवश्यक भएको बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल राजेन्द्र सुजखुले वि.सं. २०५० मङ्सिर १६ गते विद्यालयको स्थापना भएको जानकारी दिँदै भन्नुभयो, "घरको सु–संस्कृत संस्कारबाट प्रशिक्षित बालक भविष्यको परिश्रमी, असल, संस्कारिक र सबैको प्रिय बन्न सकिन्छ ।"

कार्यक्रममा अभिभावक शिक्षक सङ्घका अध्यक्ष सञ्जय तामाङले विद्यार्थीहरूको चौतर्फी विकासमा मुख्य भूमिका शिक्षकका साथसाथै अभिभावकको पनि रहेको बताउनुभयो ।

घरमा अभिभावकले विद्यार्थीलाई समय दिन सकेन भने बच्चाहरू राम्रो नहुने उल्लेख गर्दै उहाँले बच्चाहरूमा घर र टोलको वातावरणले पनि असर पर्ने बताउनुभयो । कार्यक्रमको दोस्रो चरणमा विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

# बनेपा नगरपालिका बहुप्राविधिक शिक्षालयमा

काभ्रेपलाञ्चोक, १८ जेठ । काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका कार्यालय बहुप्राविधिक शिक्षालयमा स्थान्तरण गरिने भएको छ ।

विसं २०८२ भदौ तेस्रो साता भएको 'जेनजी' आन्दोलनका क्रममा बनेपा नगरपालिका तोडफोड एवं आगजनी भएको थियो । बनेपा नगरपालिका काभ्रे जिल्लाको पुरानो नगरपालिका हो ।

हाल १० नं वडा कार्यालयबाट अस्थायी रूपमा नगर कार्यालय सञ्चालन हुँदै आएको क्षतिग्रस्त उक्त भवन पुनर्निर्माण नहुने भएपछि ५ नं वडास्थित नेपाल बनेपा बहुप्राविधिक शिक्षालयमा सारिन लागिएको हो ।

नगरको स्वामित्वमा रहेको जग्गमा स्थापित शिक्षालयका ती भवनलाई अस्थायी प्रशासकीय कार्यालयका रूपमा प्रयोग गर्ने तयारी गरेको बनेपा नगरपालिकाले जनाएको छ ।

शिक्षालयमा हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) अन्तर्गत विभिन्न विषयमा तीनवर्षे स्नातक तहका तथा छोटो अवधिका सीपमूलक तालिम समेत सञ्चालन हुँदै आएका छन् ।

नगरप्रमुख शान्तिरत्न शाक्यले शिक्षालयको नियमित शैक्षिक गतिविधिमा कुनै अवरोध नपुऱ्याई नगरको प्रशासनिक कार्यालय सञ्चालन गर्न खोजेको बताउनुभयो ।

उहाँका अनुसार नगरले आगामी आर्थिक वर्षको सुरुआतदेखि शिक्षालयका भवनबाट नागरिकलाई सेवा प्रदान गर्ने लक्ष्य राखेको छ । जेनजी आन्दोलनमा जिल्लाका १३ स्थानीय तहमध्ये सबैभन्दा बढी बनेपा नगर कार्यालयमा क्षति पुगेको थियो ।

नगर कार्यालयले भने स्थानीय सरकारको अधिकार प्रयोग गरी आफ्नो नाममा रहेको शिक्षालयको ८० रोपनी जग्गा र संरचनालाई मातहत ल्याउने निर्णय गरेको छ ।

निर्णयको चौतर्फी विरोध भएपछि नगरले 'स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेर सभाबाट नै पास गरी उक्त निर्णय गरेको' स्पष्ट पार्दै आएको छ । नगरप्रमुख शाक्यले नगरसभाको निर्णयअनुसार नै शिक्षालयलाई पत्राचार गरेको बताउनुभयो ।

आन्दोलनका क्रममा कार्यालयमा करिब रु. दश करोड बराबरको क्षति भएको नगर कार्यालयले गरेको प्राविधिक मूल्याङ्कनमा उल्लेख छ । बजेट व्यवस्थापन गर्न सकिए यसअघि बनाइएको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) अनुसार क्षतिग्रस्त भवन भत्काएर आठतले सुविधायुक्त नयाँ भवन बनाइने शाक्यले बताउनुभयो ।

उहाँका अनुसार जसमध्ये दुई तला भूमिगत पार्किङ रहनेछ । उक्त योजनाअनुसारको भवन निर्माण गर्न रु. ८० करोड लाग्ने शाक्यले जानकारी दिनुभयो । *(रासस)*

# विविध कार्यक्रमका साथ जापानमा मनाइयो सगरमाथा दिवस

काठमाडौँ, १८ जेठ । विभिन्न कार्यक्रमका साथ जापानको राजधानी टोकियोमा 'सगरमाथा दिवस र पर्यटन प्रवर्द्धन कार्यक्रम' सम्पन्न गरिएको छ ।

नेपालको हिमाल, हिमाली क्षेत्र, पदयात्रा तथा नेपालको पर्यटनका बारेमा जानकारी दिने उद्देश्यले हालै आयोजित उक्त कार्यक्रममा जापानका विभिन्न टुर्स एन्ड ट्राभल एजेन्सीका प्रतिनिधि, जापानका पर्यटन क्षेत्रसँग सम्बन्धित संस्थाका प्रतिनिधि नेपाली समुदाय तथा राजदूतावासका पदाधिकारी एवं कर्मचारीको उपस्थिति रहेको टोकियोस्थित नेपाली दूतावासले जनाएको छ ।

नेपाल र जापानको राष्ट्रिय गानहरूबाट सुरु गरिएको कार्यक्रममा कार्यवाहक राजदूत हरिहरकान्त पौडेलले विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालको गौरव, पहिचान तथा अन्तर्राष्ट्रिय प्रतिष्ठाको प्रतीक भएको उल्लेख गर्दै नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, साहसिक पर्यटन तथा धार्मिक पर्यटनकाबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रमका परराष्ट्रमन्त्री शिशिर खनालले सगरमाथा दिवसका उपलक्ष्यमा जारी गर्नुभएको भिडियो सन्देश सहभागीहरूमाझ प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा नेपालको सांस्कृतिक विविधता झल्काउने विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । *(रासस)*

*राष्ट्रिय...*

नै मान्नु पर्ने देखियो ।

यी सबै घटनाले मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ को धारा १.३ र २५ ले संरक्षण गरेको व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, नेपालको संविधानको धारा १६ (१) ले "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ" भनी दिएको अधिकारसमेत हनन हुन पुगेको देखियो ।

भदौ २४ गतेको घटना आपराधिक उद्देश्यका साथ भएको देखिँदा पीडितहरूको अधिकारको संरक्षण गर्नु राज्यको दायित्व हो । राजनीतिक आस्थाका आधारमा राजनीतिक दलका पदाधिकारीहरू, महिला, ज्येष्ठ नागरिक, राजनीतिकर्मी, निजका घरपरिवारका सदस्यहरूमाथि भएको साङ्घातिक आक्रमण, जिउँदै जलाउने कार्य, निजहरूको निजी सम्पत्तिमा भएको आक्रमण, आगजनी र तोडफोडजस्ता क्रियाकलापबाट नागरिक तथा राजनीतिक अधिकार कुण्ठित हुनुका साथै संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सम्पत्तिसम्बन्धी हक, ज्येष्ठ नागरिकको हकसमेत हनन भएको देखिन्छ ।

राष्ट्रिय सम्पदाहरूमाथि आक्रमण, आगजनी र तोडफोड गर्ने, सङ्घीय संसद, कार्यपालिका र न्यायपालिका, नेपाल बार एसोसिएसनसमेतका पेसागत सङ्घ–संस्था, व्यवसायीहरूका निजी र व्यावसायिक प्रतिष्ठान, राजनीतिक दलका कार्यालय, निजहरूको निजी सम्पत्ति, सङ्घ, प्रदेश र स्थानीय तहका कार्यालय र सवारी साधन, सञ्चारगृह र सञ्चारकर्मीहरूमाथि भएको आक्रमणजस्ता आपराधिक कार्यमा संलग्न व्यक्तिहरूविरुद्ध परेका जाहेरी दर्खास्तसमेतका आधारमा दोषीहरूउपर कारबाही प्रक्रिया अगाडि बढाइ पीडितको न्याय पाउने हकको समेत सुनिश्चितता गर्नु आवश्यक देखिन्छ ।

# न्याय सम्पादनमा इमानदारीपूर्वक लाग्न प्रधानन्यायाधीशको २१ बुँदे निर्देशन

काठमाडौँ, १८ जेठ । प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले उच्च अदालतका मुख्य न्यायाधीश तथा जिल्ला अदालतका प्रमुख न्यायाधीशलाई न्यायसम्पादनमा इमानदारीपूर्वक लाग्न २१ बुँदे निर्देशन दिनुभएको छ ।

आम नागरिकले न्यायपालिकाबाट स्वच्छ, निष्पक्ष, छिटोछरितो, गुणस्तरीय र प्रभावकारी न्यायसम्पादन तथा सुशासनयुक्त न्याय प्रशासनको अपेक्षा राखेकाले न्यायालयप्रतिको जनआस्था कायम राख्न समर्पणभाव, जिम्मेवारीबोध, लगनशीलता र इमान्दारिताका साथ कार्य गर्न उहाँले निर्देशन दिनुभएको हो ।

प्रधानन्यायाधीश शर्माले वर्तमान समयमा जनताको चाहनाअनुसार राज्यका सबै निकायले सुशासन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने र प्रविधिको प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाहलाई छिटो, सहज तथा प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

न्यायपालिकाले तयार गरेको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजना तथा गत वर्ष भदौ २३ र २४ गतेको घटनापछि तयार गरिएको सङ्कट व्यवस्थापन कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमार्फत न्यायपालिकाप्रति जनताको विश्वास र आस्था कायम राख्नुपर्ने उहाँको जोड छ ।

निर्देशनमा रणनीतिक योजना र कार्ययोजनालाई सुधारको आधार बनाउने, बक्यौता मुद्दा न्यूनीकरण गर्ने, मुद्दा प्रवाह व्यवस्थापन प्रभावकारी बनाउने, पेशी, कजलिस्ट तथा इजलास व्यवस्थापन सुधार गर्ने, विकृति, विसङ्गति र अनियमितताप्रति शून्य सहनशीलता अपनाउने तथा सुशासनसम्बन्धी प्रतिवेदन प्रणालीलाई सुदृढ बनाउन भनिएको छ ।

गुनासो सुनुवाइका प्रभावकारी संयन्त्र सञ्चालन गर्ने, नागरिक बडापत्र, सूचना कक्ष तथा सेवाग्राहीमैत्री व्यवहारलाई प्रभावकारी बनाउने, म्याद तामेली व्यवस्थित गर्ने, सूचना प्रविधिको प्रयोग बढाउने, अनलाइन बहस, 'भिडियो कन्फरेन्सिङ' तथा 'लाइभ स्ट्रिमिङ' को उपयोग विस्तार गर्ने, स्वचालित पेशी–तारेख प्रणाली र पारदर्शितालाई संस्थागत गर्ने तथा फैसला लेखन र कार्यान्वयनलाई तीव्रता दिन निर्देशन दिइएको छ ।

प्रधानन्यायाधीश शर्माले पीडितमैत्री न्याय र क्षतिपूर्तिसहितको न्याय सुनिश्चित गर्ने, मेलमिलाप तथा विवाद समाधानका वैकल्पिक उपायलाई प्रभावकारी बनाउने, न्यायमा पहुँच अभिवृद्धि गर्ने, बयान, बकपत्र र प्रमाण परीक्षणमा न्यायाधीशको निगरानी सुनिश्चित गर्ने, वित्तीय अनुशासन कायम गर्ने, बजेटको प्राथमिकताका आधारमा पारदर्शी खर्च सुनिश्चित गर्ने तथा न्यायाधीश र कर्मचारीको आचरण, उपस्थिति, सुरक्षा र जनआस्था अभिवृद्धिमा विशेष ध्यान दिन निर्देशन दिनुभएको छ । रासस

सङ्क्षिप्त समाचार

# राष्ट्रियसभाको बैठक मङ्गलबार

काठमाडौँ, १८ जेठ । राष्ट्रियसभाको सोमबारको दोस्रो बैठक कार्यसूचीमा प्रवेश नै नगरी मङ्गलबारसम्मका लागि स्थगित भएको छ ।

राष्ट्रियसभाको सोमबारको पहिलो बैठकमा आकस्मिक समय लिएर बोल्ने सांसदहरूले आइतबार प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री बालेन्द्र साहले दिनुभएको अभिव्यक्तिप्रति विमति जनाउँदै बैठक सञ्चालनमा व्यवधान गर्नुभएको थियो । त्यसपछि अध्यक्ष नारायणप्रसाद दाहालले २० मिनेटका लागि बैठक स्थगित गर्नुभएको थियो ।

दोस्रो बैठकमा पनि सांसदहरूले निरन्तर विरोध गरेपछि अध्यक्ष दाहालले भोलि जेठ १९ गते मङ्गलबार १:१५ बजेसम्मका लागि बैठक स्थगन भएको घोषणा गर्नुभयो । *(रासस)*

# १३ बुँदे घोषणापत्र जारी गर्दै सकियो वाग्मती साहित्य महोत्सव

चितवन, १८ जेठ । गत शनिबारदेखि सुरु वाग्मती साहित्य महोत्सवको दोस्रो संस्करण तेह्र बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

वाग्मती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयको आयोजना र भरतपुर महानगरपालिका प्रज्ञा प्रतिष्ठानको संयोजनमा आयोजित महोत्सवमा प्रदेशका १३ जिल्लाका साहित्यकारको सहभागिता थियो । महोत्सवले कविता, उपन्यास तथा नाट्यलगायत सिर्जनालाई अर्थतन्त्रसँग जोड्ने गरी साझेदारी र सहकार्य हुनेगरी परियोजना निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ । साथै भाषा साहित्य, सङ्गीत, नाट्य तथा ललितकला, संस्कृतिको संरक्षण, अनुसन्धान र प्रवर्द्धनका लागि आगामी दिनमा पनि निरन्तरता दिने घोषणापत्रमा उल्लेख छ ।

यस प्रकारका महोत्सवहरूलाई निरन्तरता दिनका लागि सङ्घीय, प्रादेशिक, जिल्ला, स्थानीय तहका सरकार र क्रियाशील प्राज्ञिक संस्थाहरूले हरेक वर्षको नीति तथा कार्यक्रममा समावेश गरिनुपर्ने माग गरिएको छ । *(रासस)*

# नदीजन्य पदार्थको अवैध उत्खनन रोक्न अग्रसरता

राँझा (बाँके), १८ जेठ । जिल्ला प्रहरी कार्यालय बाँकेले नदीजन्य पदार्थको अवैध उत्खनन रोक्न अग्रसरता देखाएको छ ।

राप्ती नदी र अन्य खोलाबाट अवैध रूपमा हुने गरेको माटो तथा नदीजन्य पदार्थ उत्खनन एवं ढुवानी रोक्न नियमित अनुगमन तथा निगरानी बढाइएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक अङ्गुर जिसीले जानकारी दिनुभयो । उहाँका अनुसार शनिबारमात्रै कोहलपुर नगरपालिका-७ लखनहवा र बैजनाथ गाउँपालिका-२ जब्दहवा क्षेत्रमा अवैध रूपमा माटो तथा नदीजन्य पदार्थ उत्खनन एवं ढुवानीमा संलग्न तीन सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरी टोलीले एक थान जेसिबी, एक थान टिपर र एक थान ट्याक्टर नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका सवारीसाधनलाई आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको प्रहरी उपरीक्षक जिसीले बताउनुभयो ।

नदीजन्य पदार्थको अवैध रूपमा उत्खनन र ढुवानी भइरहेको जनगुनासोका आधारमा जिल्ला प्रहरी कार्यालयले प्राकृतिक स्रोत तथा साधनको अवैध दोहन रोक्न नियमित अनुगमन तथा निगरानीलाई निरन्तरता दिँदै आएको उहाँको भनाइ छ । *(रासस)*

# हुम्ला र बाजुरा सीमा विवादबारे जाँचबुझ गर्न गृहको टोली हुम्लामा

सिमकोट (हुम्ला), १८ जेठ । हुम्ला र बाजुराको सीमा क्षेत्र लाम्पाटामा भएको सीमा विवाद तथा दोहोरो झडपबारे बुझ्न गृह मन्त्रालयद्वारा गठित जाँचबुझ समितिको टोली यहाँ पुगेको छ ।

प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विमलराज पौडेल नेतृत्वको टोली आइतबार सिमकोट पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले जानकारी दिनुभयो ।


उहाँका अनुसार दुई जिल्लाबीच भएको घटनाको स्थलगत यथार्थता बुझ्न यहाँ आएको टोली घटना भएको क्षेत्र लामपाटा, च्याचौर क्षेत्र पुगेर सिमकोट पुगेको हो ।

टोलीले सिमकोट बसाइँका क्रममा सीमा क्षेत्रका नागरिक, घटनामा संलग्न व्यक्ति र सीमा जोडिएका क्षेत्रका जनप्रतिनिधि, राजनीतिक दलका नेता र नागरिक अगुवासँग घटनाका बारेमा छलफल गर्ने कार्यक्रम रहेको छ ।

यसअघि, गत जेठ २ गतेदेखि ४ गतेसम्म सीमाको विषयलाई लिएर हुम्ला र बाजुराका नागरिकबीच भएको झडपले उग्रहरूप लिएपछि गृहमन्त्रालयले टोली गठन गरेको थियो ।

चालु आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारले रु. ४० लाख बजेट विनियोजन गरेर उक्त क्षेत्रमा प्रहरीचौकी निर्माण सुरु गरेपछि विवाद भएको हो । सीमा विवादले उग्ररूप लिँदा लाम्पाटामा दुई जिल्लाका स्थानीयबिच झडप हुँदा बाजुराका चार जना घाइते भएका थिए । घाइते चारै जनाको हेलिकोप्टरबाट उद्धार गरिएको थियो ।

सोही विवाद समाधान गर्न यही जेठ ११ गते नापी विभागका उपमहानिर्देशक सुशील डङ्गोलको संयोजकत्वमा अध्ययन टोली र नेपाल प्रहरीका एसएसपी विमलराज पौडेलको संयोजकत्वमा छुट्टाछुट्टै समिति गठन गरिएको छ । *(रासस)*



**माथिल्लो मर्स्याङ्दी ए जलविद्युत्को बाँधस्थलमा पर्यटक**
लमजुङको मर्स्याङ्दी गाउँपालिका-७ स्थित ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी ए जलविद्युत् आयोजनाको बाँधस्थल । पर्यटक पछिल्लो समय यहाँ बाँधस्थल अवलोकन गर्न आउन थालेका छन् । *तस्बिर :* जनक श्रेष्ठ/रासस

# कृषि विश्वविद्यालयमा १५ दिनमा १५ काम

चितवन, १८ जेठ । यहाँको कृषि तथा वन विज्ञान विश्वविद्यालयले नयाँ नेतृत्व पाएसँगै १५ दिनमा १५ वटा काम गरेको छ । विगतमा राजनीति खिचातानी र भागबण्डाका कारण विभिन्न नाममा हुने विवादले यहाँ कार्यसम्पादनमा समस्या हुने गरेको थियो । वर्तमान सरकार बनेपछि उपकुलपतिमा प्रा. डा. होमबहादुर बस्नेतलाई अर्को व्यवस्था नहुन्जेलका लागि जिम्मेवारी दिएपछि कामले गतिलिएको हो ।

प्रा. डा. बस्नेतलाई वैशाख ३० गते प्रधानमन्त्री एवं विश्वविद्यालयको कुलपतिस्तरको निर्णयमार्फत उपकुलपति नियुक्त गरिएको थियो । यससँगै उहाँले विश्वविद्यालयमा रजिष्टार, डिन र रिक्त निर्देशकहरू नियुक्त गरी कामलाई तीव्रता दिनुभएको हो ।

नयाँ सरकार बनेसँगै यसअघि राजनीतिक भागवण्डामा नियुक्त हुनुभएका उपकुलपति, रजिष्टार, डिन र निर्देशकहरूलाई एकमुष्ठ पदमुक्त गरिएको थियो । विश्वविद्यालय स्थापनायता नियमित रूपमा राजनीतिक भागवण्डामा नियुक्त भएका पदाधिकारीमार्फत हुन नसकेका कामसमेत हाल अगाडि बढेका छन् । उपकुलपति बस्नेतले राजनीतिक पक्षधरता नहेरी काम गर्नसक्ने सक्षम व्यक्तिलाई नियुक्त गरेर कामलाई तीव्रता दिएकाले काम गर्न सहज भएको बताउनुभयो ।

आफूले गरेका १५ काम सार्वजनिक गर्दै उहाँले विश्वविद्यालयअन्तर्गतको वन विज्ञान सङ्काय हेटौँडा र त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान क्याम्पस हेटौँडाको विवाद तत्कालका लागि समाधान गरिएको बताउनुभयो । यहाँ रहेका विवाद र समस्याको दिगो समाधानका लागि शिक्षा मन्त्रीलाई ध्यानाकर्षण गराइएको उपकुलपति बस्नेतले जानकारी दिनुभयो ।

विश्वविद्यालयमा भएका गुनासालाई सम्बोधन गर्दै सुशासनको प्रत्याभूति दिन एवं विभिन्न निकायको परिपत्रलाई समेत मध्यनजर गर्दै मातहतका निकायलाई अभिप्रेरित गर्ने, विद्युतीय हाजिरी प्रणालीको नियमन तथा कार्यालय समयमा सामाजिक सञ्जालको प्रयोगको नियमन गरिएको उहाँले बताउनुभयो ।

वाग्मती प्रदेश सरकारका कृषि तथा पशुपन्छी विकास मन्त्री एवं सचिवसँग छलफल गरी सोही मन्त्रालयको प्राथमिकतामा रहेका मल उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययनको लागि प्रारूप तयार गर्न यस विश्वविद्यालयसँग माग भएबमोजिम अवधारणापत्र तयार गरिएको उहाँको भनाइ छ ।

नेपाल सरकारले चीन सरकारको सहयोगमा भैँसी एवं राँगाको मासु निर्यातको उद्देश्य लिई सिन्धुलीको मरिण गाउँपालिकामा स्थापना गरिरहेको मासु प्रशोधन उद्योगमा प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउन सहकार्यका लागि पहल गरिएको बस्नेतले बताउनुभयो ।

यस्तै, तीनवटै सङ्कायमा रोकिएको स्नातक, स्नातकोत्तर एवं विद्यावारिधि कार्यक्रमका गतिविधि, प्रयोगशाला मर्मतसम्भार, कृषि सङ्कायमा विद्युत् टान्सफर्मर जडान, अडिटोरियमहल मर्मत प्रक्रिया सुरु गरिएको उहाँको भनाइ छ ।

उपकुलपति बस्नेतले भन्नुभयो, "विशेष परिस्थितिका कारण स्थगित भएको यस विश्वविद्यालयको पाँचौँ दीक्षान्त समारोह एवं छैटौँ विशेष बैठकको मितिसमेत तय गरी तयारी थालिएको छ । विश्वविद्यालयले विभिन्न दातृ निकायका अधिकारीसँग छलफल गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा थप प्रयास गरिएको छ ।"

यस विश्वविद्यालयको अनुसन्धान एवं प्रसार निर्देशनालयले आयोजना गर्न लागेको राष्ट्रिय सम्मेलन आगामी असार ११ देखि १३ गतेसम्म गर्नेगरी तयारी अगाडि बढाइएको पनि उहाँले जानकारी दिनुभयो । विश्वविद्यालयले प्राध्यापकहरूको अभाव एवं बढ्दो कक्षा भारको समस्या समाधानका लागि काम अघि बढाइएको छ ।

असार ३ गते विश्वविद्यालयको स्थापना दिवस भव्य रूपमा मनाउनको लागि जिल्ला आइपिएम कृषक समूहको सहकार्यमा समुदायस्तरमा बाली उपचार शिविर गरिँदै छ । विविध कारणले रोकिएर बसेका पूर्वनिर्धारित कार्यक्रम अघि बढाइएको छ ।

समग्र कृषि शिक्षा, कृषि प्रसार एवं अनुसन्धान एकै छातामा रहने गरी अगाडि बढ्न राष्ट्रिय योजना आयोगका सदस्य डा. देवेन्द्र गौचन एवं कृषि मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रासँग गहन छलफल गरी काम अघि बढाइएको बस्नेतले जानकारी दिनुभयो ।

विश्वविद्यालयमा कृषि सङ्काय, पशु विज्ञान, पशु चिकित्सा, मत्स्य विज्ञान सङ्काय र वन विज्ञान सङ्काय रहेका छन् । जहाँ स्नातकदेखि विद्यावारिधिसम्म अध्ययन गर्ने तीन हजार ९०० विद्यार्थी अध्ययनरत छन् । विश्वविद्यालयअन्तर्गत आठ वटा आङ्गिक क्याम्पस र सात वटा सम्बन्धन प्राप्त निजी क्याम्पस छन् । विसं २०६७ मा विश्वविद्यालय स्थापना भएको हो । *(रासस)*

# वीरगञ्ज हुँदै चार अर्ब दुई करोड मूल्यका विद्युतीय सवारीसाधन आयात

वीरगञ्ज (पर्सा), १८ जेठ । चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज हुँदै रु. चार अर्ब दुई करोड मूल्यभन्दा बढीका विद्युतीय सवारीसाधन आयात भएका छन् ।

गत आवको १० महिनाको तुलनामा चालु आवमा मूल्यको आधारमा विद्युतीय सवारीसाधनको आयात रु. दुई अर्ब ३७ करोड अर्थात् १४३ दशमलव ६० प्रतिशतले वृद्धि भएको छ । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगञ्ज नाका हुँदै चालु आवमा १५ हजार २७१ वटा विभिन्न थरिका विद्युतीय सवारीसाधनको आयात गरिएको र सोबाट प्राप्त हुने राजस्वमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो ।

गत आवको १० महिनामा यो नाका हुँदै रु. एक अर्ब ६५ करोड मूल्य पर्ने नौ हजार ४२ वटा विभिन्न विद्युतीय सवारीसाधन आयात गरिएका थिए । त्यसवापत रु. ८१ करोड ४७ लाख राजस्व सङ्कलन भएको थियो ।

चालु आवको १० महिनामा रु. एक अर्ब ८७ करोड मूल्य पर्ने ५१ किलोवाटदेखि १०० किलोवाटसम्मका ६५७ वटा विद्युतीय कार, जीप र भ्यान आयात भएका छन् । त्यसवापत रु. एक अर्ब १९ करोड राजस्व सङ्कलन भएको छ । जबकी गत आवको १० महिनामा भने रु. दुई करोड छ लाख मूल्य पर्ने छ वटा ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका विद्युतीय जीप, कार र भ्यानको आयात भएको थियो ।

यस्तै, चालु आवको १० महिनामा रु. एक अर्ब १७ करोड मूल्य पर्ने आठ हजार ८६७ वटा विद्युतीय मोटरसाइकल तथा स्कुटर आयात हुँदा रु. ३८ करोड ५५ लाख राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु. करोड ९६ लाख मूल्य पर्ने चार हजार ८३४ वटा विद्युतीय मोटरसाइकल र स्कुटर आयात भएका थिए । ती सवारीसाधनको आयातबाट मात्रै रु. २० करोड १५ लाख राजस्व सङ्कलन भएको थियो ।

यो नाका हुँदै चालु आवको १० महिनामा रु. ३१ अर्ब ३१ करोड मूल्य पर्ने इन्धन र विद्युतबाट चल्ने सवारीसाधन तथा पार्टपुर्जा भित्रिएका सूचना अधिकारी विष्टले जानकारी दिनुभयो ।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधारमा सवारीसाधन र पार्टपुर्जाको आयात रु. नौ अर्ब ६५ करोड अर्थात् ४४ दशमलव ५८ प्रतिशतले बढेको छ । चालु आवको १० महिनामा वीरगञ्ज हुँदै रु. एक अर्ब २५ करोड मूल्य पर्ने छ सय २८ वटा जीप, कार र भ्यानको आयात भएको छ । त्यसवापत कार्यालयले रु. तीन अर्ब १७ करोड राजस्व सङ्कलन गरेको छ । जबकि गत आवको सोही अवधिमा रु. एक अर्ब ८१ करोड मूल्य पर्ने आठ सय ५५ वटा जीप, कार र भ्यानको आयात भएको थियो ।

यस्तै, चालु आवको १० महिनामा रु. सात अर्ब ३२ करोड मूल्य पर्ने ५१ हजार ४२३ वटा मोटरसाइकल (अन एसेम्बल्ड) आयात भएका छन् । त्यसवापत रु. सात अर्ब नौ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु. पाँच अर्ब २१ करोड मूल्यका यस्ता मोटरसाइकल आयात भएका थिए । *(रासस)*

**। सम्पादकीय ।**

# सीमा विवाद टुङ्ग्याउन कूटनीतिक पहल आवश्यक

पहिलो गाँसमै ढुङ्गा भनेझैँ प्रधानमन्त्री बालेन साहले प्रतिनिधिसभामा बालेनको पहिलो अभिव्यक्ति नै विवादको केन्द्र बन्यो । पार्टीको स्पष्ट विचार, दृष्टिकोण र राजनीतिक अनुभव नहुँदा बोलीमा सच्चाइ हुँदैन । राजनीतिक यात्रामा नलागेका, देश र जनताको दुःख नबुझेका, देश र जनताप्रति समर्पित नभएका प्रधानमन्त्री, मन्त्री र सांसदहरूले कहाँ के बोल्नुपर्छ र के बोल्नु हुँदैन भन्ने कुरा थाहा हुँदैन । विपक्षी दलका सांसदहरूको करजोडले प्रम साह संसद् छिरे र सदस्यहरूले विभिन्न प्रश्न गरे । प्रश्नोत्तरको क्रममा प्रम साहले भारतले मात्र नेपाली भूमि मिचेको होइन नेपालले पनि भारतीय भूमि मिचिरहेको छ भने । प्रम साहले भारतले नेपालको र नेपालको भारतले भूमि मिचिरहेको धारणा व्यक्त गरे । यसबारे जेठ १८ प्रकाशित विभिन्न पत्रिकामा प्रम साहबारे अनेक टीकाटिप्पणी छापिए । 'कान्तिपुर' दैनिकमा लेखियो, 'नेपाल-भारत सीमासम्बन्धी प्रधानमन्त्रीको अभिव्यक्ति विवादमा', 'नयाँ पत्रिका' मा 'सीमा समस्यासम्बन्धी जवाफ विवादमा, 'अन्न्पूर्ण पोस्ट' मा संसद्को पहिलो बोलीमै विवादमा प्रधानमन्त्री', 'नागरिक' दैनिकमा संसद्मा सत्तापक्ष र प्रतिपक्षबिच घम्साघम्सी' आदि शीर्षकका समाचारहरू छापिए । पढेलेखेका भए पनि, डिग्री हासिल गरे पनि राजनीतिमा नलागेका, राजनीतिबारे नबुझेका मन्त्री, सांसदहरूले के प्रश्नको के जवाफ दिने भन्ने थाहा नहुँदा प्रमको मात्र होइन आफ्नो दल र देशकै बेइज्जत भयो । यो नेपाल र नेपालीको निम्ति नमज्जाको विषय बन्यो ।

प्रम साहको यो हविगत छ भने अरू मन्त्री र सांसदहरूको स्थिति के होला ? राजनीतिको 'र' पनि नबुझेका, राजनीतिक यात्रामा कहिले नलागेका व्यक्तिहरू निर्वाचित भएर आउँदा उनीहरूसँग कूटनीतिक भाषा र बोली हुनु पनि कसरी ! रास्वपा सांसद आशिका तामाङको संसद्भित्र कस्तो हङ्गामा भयो । भारतले नेपालको भूमि र नेपालले भारतको भूमि मिचेको हो भने कहाँ कति मिचेको हो जनतालाई थाहा दिनुपर्छ । प्रम साहले नेपालले 'भारतको धेरै भूमि मिचेको' विषयमा संसद्मा प्रश्नै प्रश्न उठाइयो; प्रम साह अलमलमा परे । प्रतिपक्षीको आक्रोश बढ्यो; सांसद र मर्यादापालकबिच तनाव उत्पन्न भयो । प्रतिपक्षी सांसदहरूलाई बोल्ने अवसर नदिएपछि सभामुखलाई पनि बोल्न नदिने भनी उनीहरू माइक नै भाँच्न अघि बढे । संसद्भित्र हङ्गामा भयो । आक्रोशित सांसदहरूलाई नियन्त्रण गर्न या छेकबार गर्ने क्रममा झन्डै हात हालाहालको स्थितिमा पुग्यो । संसद्भित्र देखिएको यो दृश्यले संसद्मा दलको विचार र जनताको पीडा अभिव्यक्ति गर्नुभन्दा पनि शक्ति र दम्भको हुङ्कार देखियो । संसद् कुनै दलको शक्ति प्रदर्शन गर्ने थलो होइन, बलियोले निर्बलियोलाई दबाउने र विपक्षले पक्षलाई जबरजस्ती लाद्ने काम प्रजातान्त्रिक पद्धति होइन ।

लामो समयदेखि नेपाल-भारतबिचको एक संवेदनशील विषय सीमा विवाद हो । भारतले बेलाबखत नेपाली भूमि अतिक्रमण गर्ने काम गरी नै रह्यो । सीमा मिचेर आफ्नो प्रभाव र भूमि विस्तार गर्ने भारतीय कार्यशैलीको कारण भारतलाई नेपाली जनताले विस्तारवाद भनेका हुन् । लिपुलेक, लिम्पियाधुरा र कालापानी यथार्थमा नेपालकै भूमि हो । प्रमले देशको संवेदनशील विषयमा बोल्दा अँध्यारोमा छामछुम गरेर होइन यथार्थ कुरा बुझ्नुपर्छ । आफूले बोलेको एक शब्दबाट देश र जनतालाई दूरगामी असर पुर्‍याउन सक्छ । आफ्नो मनपरी अभिव्यक्तिकै कारण दुई देशबिचको लामो समयदेखिको दौत्य सम्बन्धमा दरार पर्न सक्छ । संसद्मा प्रमजस्तो जिम्मेवार व्यक्तिले नेपालले भारतको भूमि मिचेको दाबी गर्नु जनताको नजरमा अपरिपक्व र असावधान अभिव्यक्ति हो । नेपाल-भारतको सीमा विवाद टुङ्ग्याउनुपर्छ । सीमा विवाद सुल्झाउन नेपालसँग रहेका विभिन्न प्रमाण, इतिहास र तथ्यपरक निर्णय अघि सानुपर्छ । सीमा विवादकै कारण कतै भारतीय पक्षले नेपाल र नेपालीलाई दबाउँदै जाने होइन ?

# के इरानमा ट्रम्पको आक्रमण तेस्रो विश्वयुद्धको सङ्केत हो ?

✍ **प्रज्ज्वल**

संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना उद्योगी-व्यापारीको दलबलसहित वैशाख ३० र ३१ गते चीनको भ्रमण गरे । यसअघि आफ्नो पहिलो राष्ट्रपतिकाल सन् २०१७ मा उनी चीन गएका थिए । ट्रम्पले चीनसँग ठुलै परिमाणमा व्यापार सम्झौता गर्ने र आफ्नो देशको व्यापार घाटा घटाउने दाबी गरे पनि यसमा चीनले चासो देखाएन । अर्थात्, संरा अमेरिकाको क्यालिफोर्नियास्थित सान्ता क्लारामा मुख्य कार्यालय भएको प्रविधिसम्बन्धी बहुराष्ट्रिय कम्पनी NVIDIA संस्थानको एआई चिप्स चीनलाई बेच्ने ट्रम्पको सपना पूरा भएन । यतिखेर चीनसँग संरा अमेरिकाको अर्बौं डलरको व्यापार घाटा छ । ट्रम्पले सैनिक गतिविधिमा प्रयोग हुने एआई चिप्स चीनलाई बेचेर व्यापार घाटा घटाउने मनसाय राखेको थियो । ट्रम्पले चीनलाई बोइङ कम्पनीका हवाईजहाज तत्काल २०० थान गरी जम्मा ७५० थान बेच्ने तयारी गरेका थिए । संरा अमेरिकी कृषि उत्पादन भटमासको धेरै परिमाण चीनले किन्थ्यो । ट्रम्पको चीनविरुद्ध व्यापार युद्धको कारण संरा अमेरिकी निर्यात सङ्कटमा पर्‍यो । ट्रम्पले चीनलाई इन्धन बिक्री गर्ने पनि तयारी गर्‍यो । तर, चिनियाँ राष्ट्रपति सि चिनफिङको संरा अमेरिकी सामग्री खरिदबारे ट्रम्पसँग कुनै सम्झौता भएन । ट्रम्पले चीनको भूभाग थाइवानलाई ११ अर्ब डलरको हतियार बेच्ने प्रस्तावलाई चीनले स्वीकार गरेन ।

ट्रम्पले इरानको हर्मुज जलडमरु सुरु गर्न चीन मध्यस्थताको भूमिकामा आउने अपेक्षा गरेका थिए । संरा अमेरिका र इजरायलले गएको फेब्रअरी २८ मा संयुक्त रूपमा इरानमा आक्रमण गरेपछि हर्मुज नाकामा इरानी अवरोध सुरु भयो । ट्रम्प र नेतन्याहुले आफ्ना सहयोगी नेटो देशहरूलाई समेत थाहा नदिई अचानक इरानमा आक्रमण गरेका थिए । यो आक्रमणसँगै पश्चिम एसियामा विश्व उडानको चौबाटो खाडी क्षेत्रको आकाशसमेत बन्द भयो ।

ट्रम्प प्रशासनले इरानको सभ्यता मेटिदिने, इरानलाई ढुङ्गेयुगमा फर्काउने, इरानको ९० प्रतिशत इन्धन निर्यात हुने खर्ग टापुलाई निशाना बनाउने, इरानको आणविक केन्द्र ध्वस्त पार्ने धम्की दिइरहेको छ । यो धम्कीको प्रतिकारमा इरानी जनता देशको झन्डा बोक्दै सडकमा उत्रेका छन् । यसअघि इरानले आफ्नो नियम पालना गर्ने मित्रहरूलाई हर्मुज जल नाका खोल्ने घोषणा गरेको हो । अर्थात्, संरा अमेरिका र इजरायलको जहाजलाई जान नदिने यो उद्घोष हो ।

यतिखेर संरा अमेरिकाकै कारण इरानसँगको युद्धविराम काँचो धागोमा अडिएको छ । अर्थात्, ट्रम्पकै कारण पश्चिम एसियाको स्थिति तनावपूर्ण छ । ट्रम्पले खाडी क्षेत्रमा ५० हजार सेनासहित लडाकु विमान तैनाथी बढाए भने क्षेप्यास्त्र प्रणाली र बमबारीको तयारी गर्दै छ । इजरायलले पनि इरानमा आक्रमण गर्न सैन्य तयारी गरेको छ । ट्रम्प र नेतन्याहुले इरानको तेल क्षेत्र, आणविक ऊर्जा क्षेत्र, सैन्य क्षेत्रमा आक्रमणको तयारी गर्दै छन् । इरानले पनि ट्रम्प र नेतन्याहुको सैन्य आक्रमणको प्रत्याक्रमणमा सैन्य तयारी गर्दै छ ।

ट्रम्पले आफ्नो चीन भ्रमणमा इरानसँगको युद्ध रोक्न चीनको मध्यस्थताको अपेक्षा गरेका थिए । तर, चीनले त्यस्तो सङ्केत गरेन । ट्रम्पको भनाइ र गराइ फरक छ । यसकारण, पनि युरोपसमेत मध्यस्थताको भूमिकामा आउन चाहेन । ट्रम्पको कारण पाकिस्तानको कोसिस सफल भएन ।

यतिखेर संरा अमेरिका र विश्वमै ट्रम्पको ख्याती घट्दो छ । ट्रम्पको जताततै युद्ध सुरु गर्ने नीतिको विरोध संरा अमेरिकामै बढ्दो छ । संरा अमेरिकी जनता ट्रम्पलाई सङ्केत गर्दै 'नयाँ राजा' चाहिँदैन भनी विरोध गर्दै छन् । संरा अमेरिकामा मध्यावधि चुनाव हुने र बढ्दो मूल्यवृद्धिको कारण ट्रम्प इरानसँगको युद्ध टुङ्ग्याउन चाहन्छन् । इरानमा भएको विनाशको क्षतिपूर्ति, आणविक ऊर्जा उत्पादनमा अवरोध नगर्ने, अब उप्रान्त आक्रमण नहुने प्रत्याभूतिलगायत इरानको सर्त स्वीकार गर्न ट्रम्प प्रशासन मानेको छैन, उल्टो ट्रम्प आफू इरान युद्धमा जितेको दाबी गरी युद्धबाट बाहिरिन चाहन्छन् । तर, यो सम्भव छैन ।

ट्रम्पको कारण इरान युद्ध भियतनाम, इराक र अफगानिस्तानजस्तै लम्बिने र इरानलाई थकाइने पनि सार्वजनिक भइरहेको छ । तर, इरान थाक्ने अवस्थामा छैन । किनभने, आक्रमण ट्रम्प र नेतन्याहुले नै गरेका हुन् । इरान युद्धले युरोप, एसियाको आर्थिक अवस्था ओरालो लागेको छ । ट्रम्प प्रशासनले यो युद्धमा १० खर्ब डलर खर्च गरेको सार्वजनिक भयो । ट्रम्प प्रशासनलाई यो युद्ध 'दाउरा नभएको बेला पिँडालु उसिने' जस्तै भयो । यो रकम उत्पादनशील काममा लगाइएको भए संरा अमेरिकाको व्यापार घाटा घट्ने थियो । यो युद्ध पुनः सुरु भए विश्वकै अर्थतन्त्रमा नकारात्मक प्रभाव बढ्नेछ ।

ट्रम्प र नेतान्याहुले इरानमा हमला गरेको कारण विश्वको आर्थिक विकास २ प्रतिशतमा सीमित हुने, महँगी ( मुद्रास्फीति) ६ प्रतिशत पुग्ने, खाद्य सङ्कट बढ्ने, सन् १९२९ मा झैँ शेयरबजारको मूल्य घट्ने, वित्तीय संस्था र बैङ्क असफल हुने, औद्योगिक उत्पादन ह्रास हुने बेरोजगारी बढ्नेलगायत आर्थिक सङ्कट बढ्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा आयोग (IAEA) ले सन् २०२६ मा इतिहासमै सबैभन्दा बढी ऊर्जा सङ्कट हुने सार्वजनिक गर्‍यो । ट्रम्प र नेतन्याहुले इरानमा पुनःआक्रमण गरे तेल प्रतिव्यारेल डेढ सय डलर बढी पुग्ने, मलखाद थप सङ्कट हुने, कृषि उत्पादन घट्ने, अबको ६ महिनामा दाल, चामल, तरकारी, खाद्य तेलको मूल्य ४० देखि १२० प्रतिशत बढ्नेछ ।

ट्रम्प इरान युद्धमा यूएईलाई भिडाएर आफू पछि हट्न चाहेको छ । इरान आक्रमणमा ट्रम्पलाई युएईले बढी साथ दिएको हो । यसरी युद्ध धेरै देशमा फैलिने सम्भावना छ । पहिलो विश्व युद्ध (सन् १९१४-१८) र दोस्रो विश्व युद्ध (सन् १९३९-४५) पनि बिस्तारै पक्ष पक्ष देशहरूमा विभाजित भई युद्ध सुरु भएको हो । इरान युद्ध पुनः सुरु भएमा लालसागरको समुद्रीमार्ग बन्द हुनेछ । स्वेज नहर बन्द हुनेछ । यसले युरोप र एसियाको ९० प्रतिशत समुद्री व्यापार बन्द हुनेछ ।

खाडी मुलुकको रोजगारीमा पठाइएका १ करोड भारतीयबाट आउने विप्रेषणमा अवरोध हुनुको साथै उनीहरूलाई घरफिर्ता गराउने विषय भारतलाई हाँकको रूपमा आउनेछ । भारत संसारकै बढी विप्रेषण अर्थात् वार्षिक १३५ अर्ब डलर भित्र्याउने मुलुक हो । यति धेरै परनिर्भर भारत युद्ध चर्किएसँगै थप ओरालो लाग्नेछ । यसले दक्षिण एसियाली देशहरूमा थप सङ्कट आउनेछ ।

यूएई र दुवई पर्यटन, किनमेल र संसारका धनीहरूको रकम बैङ्कमा बचत हुने केन्द्र पनि मानिन्छ । युद्ध भए यो अवस्था रहनेछैन । विदेशीको बचत फिर्ता लगिनेछ । यूएई युद्धको कारण तीन महिनायता खस्किएको छ । तसर्थ, युद्ध रोक्नु संरा अमेरिकी जनतासँगै बाँकी संसारको लागि जरुरी छ । ट्रम्प प्रशासनमा सद्बुद्धि आओस् ।

# माननीयज्यु रेस्लिङ रिङ कि संसद् : अनुहार फेरियो, प्रवृत्ति फेरिएन !

✍ **अच्युतकृष्ण शरण**

लोकतन्त्रको सुन्दरता र यसको जीवन्तता केवल आवधिक निर्वाचनमा मत खसाल्नुमा मात्र सीमित छैन, बरु त्यो मतबाट चुनिएका प्रतिनिधिहरूले जनभावना कति कदर गर्छन् र सार्वभौम संसद्को गरिमालाई कसरी जोगाउँछन् भन्ने कुरामा निर्भर हुन्छ ।

नेपाली जनताले दशकौँसम्म राजनीतिक स्थायित्व र समृद्धिको पर्खाइमा पुराना भनिएका दलहरूलाई पटक-पटक सत्ताको साँचो बुझाए । तर, उपहारमा दशकौँसम्म केवल राजनीतिक अस्थिरता, नीतिगत विचलन र संसदीय बेथिति, कुर्सीको फोहोरी खेल, थितिहीनता र चरम निराशा मात्र पाएपछि नेपाली नागरिक चेतनाले एउटा अर्को विकल्प रोज्यो ।

विगतमा संसद्भित्र देखिने कुर्सी हानाहान, माइक खोसाखोस, बेल घेराउ र अमर्यादित गालीगलौजको विरक्तलाग्दो 'परम्परागत तमासा' बाट मुक्ति खोजिरहेका नागरिकका लागि यो नारा एउटा बलियो विकल्प बन्यो । परिणामस्वरूप, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका नयाँ शक्तिहरू छोटो समयमै संसद्को अग्रभागमा स्थापित भए । यो कुनै सामान्य मतको फेरबदल थिएन । यो त पुराना दलहरूको अक्षमताप्रतिको तीव्र आक्रोश र नयाँ भनिएकाहरूप्रतिको अगाध भरोसाको अनुमोदन थियो ।

तर, समयको चक्र र संसद्का बैठकहरू गुज्रिँदै जाँदा आज रोस्ट्रमदेखि चियापसलका गल्लीहरूसम्म एउटा गम्भीर र निराशाजनक प्रश्न उब्जिएको छ । हामीले संसद्मा नीति निर्माणका लागि साँच्चै 'जान्ने' र परिपक्व नेताहरू पठायौँ कि केवल क्यामराको अगाडि 'जान्ने अभिनय' गर्ने डिजिटल कलाकारहरूलाई भित्र्याएछौँ ?

### पुरानै अराजकताको आधुनिक 'डिजिटल सङ्क्रमण'

विपक्षी बेन्चमा बस्दा वा सामाजिक सञ्जालको छोटो भिडियो ( रिल वा लाइभ) मा गर्जँदा पुराना दलहरूको आलोचना गर्नु संसारकै सबैभन्दा सजिलो काम हो । संसद्मा हुने हुलदङ्गा र गैरजिम्मेवारीको विरोध गरेर सर्वसाधारणको 'लाइक' र 'ताली' खानु झनै सजिलो हो । तर, जब जनताले तिनै आलोचना गर्नेहरूलाई विश्वास गरेर संसद्को गरिमामय कुर्सीमा आसीन गराइदिन्छन्, तब परीक्षा केवल उत्तेजक भाषणको हुँदैन । त्यहाँ संसदीय मर्यादा, कानुन निर्माणको ज्ञान र जिम्मेवार व्यवहारको कडी जाँचिन्छ ।

दुर्भाग्यवश, आज नयाँ भनिएका कतिपय माननीयहरूको व्यवहार नियाल्दा 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने उखान पुनः चरितार्थ भएको देखिन्छ । हिजोका दिनमा पुराना दलहरूले संसद् अवरुद्ध गर्दा 'जनताको करको नास भयो र देश बन्धक बन्यो' भन्दै प्लेकार्ड बोकेर सडक र सदन तताउनेहरू नै आज कुन नैतिक धरातलमा उभिएर संसद्को बेल घेर्न र मुड्की बजार्न पुग्छन् ?

यदि संसद्मा नीतिगत बहस छोडेर आक्रोश पोख्नु, माइक तानातान गर्नु र सभामुखको आसनलाई चुनौती दिनु नै अन्तिम विकल्प थियो भने, ती पुराना 'पहलवान' हरूले के बिगारेका थिए र ? उनीहरू त यस विधाका पुराना र अनुभवी उस्ताद नै थिए । जनताले परिवर्तन खोजेका थिए, प्रवृत्तिको प्रतिलिपि (कार्बन कपी) होइन ।

### अध्ययनको खडेरी र आक्रोशको व्यापार

संसदीय लोकतन्त्रको वास्तविक सौन्दर्य भनेकै विपक्षीलाई सम्मान गर्नु, फरक विचारको कदर गर्नु र आफ्ना विमतिहरूलाई तर्क, तथ्य र प्रमाणका आधारमा परास्त गर्नु हो । तर, दशकौँदेखि संसद्मा अध्ययन र अनुसन्धानको चरम खडेरी र आक्रोशको अनियन्त्रित बाढी प्रस्टै देखिन्छ । जब कुनै मुद्दामा गहिरो अध्ययन र ठोस तथ्य हुँदैन, तब सांसदहरू संसद्मा चर्को स्वरले चिच्याउन र व्यक्तिगत आक्षेपमा उत्रिन थाल्छन् । यो शैली तर्क कमजोर भएपछि आवाज ठुलो पार्ने पुरातन प्रवृत्तिबाहेक केही होइन ।

संसद् कुनै सामाजिक सञ्जालको स्टुडियो होइन जहाँ भाइरल भिडियो बनाउनुपर्छ । संसद् कुनै सडकको आन्दोलनस्थल पनि होइन जहाँ ठुलो स्वरले कराएर सत्य प्रमाणित गर्न सकिन्छ । संसद् त विचारको युद्धभूमि हो, जहाँ तथ्यले जित्नुपर्छ, तर्कले प्रभाव पार्नुपर्छ र नीतिले परिणाम दिनुपर्छ । जब संसद्लाई केवल सामाजिक सञ्जालको 'कन्टेन्ट' र 'भ्यूज' बढाउने कारखाना जस्तो बनाउने होडबाजी चल्छ तब लोकतन्त्रको जग भित्रभित्रै कमजोर हुन थाल्छ ।

शिक्षित हुनु डिग्रीले प्रमाणित गर्छ तर परिपक्व हुनु व्यवहारले प्रमाणित गर्छ । संसद्मा देखिने आचरण नै कुनै दल वा नेताको वास्तविक राजनीतिक संस्कारको ऐना हो ।

### सङ्कटमा देश, अलमलिएको संसद्

अझ विडम्बना के छ भने, देश अहिले अनेक गम्भीर सङ्कटसँग जुधिरहेको छ । वार्षिक लाखौँ युवा देश छोडेर बिदेसिन बाध्य छन् । कृषि क्षेत्र निराश छ र उद्योगहरू बन्द हुने अवस्थामा पुगेका छन् । शिक्षा र स्वास्थ्य क्षेत्र व्यापारिक चङ्गुलमा फसेका छन् । देशका थुप्रै उद्योगधन्दा तथा कलकारखाना बन्द भइसके । ढुक्कले लगानी गर्नसक्ने वातावरण छैन । थुप्रै

बाँकी पृष्ठ ७ मा

# ट्रम्पको इरान युद्ध : साम्राज्यहरू पतन गराउने सैन्य दुस्साहस–१

✍ अल्फ्रेड डब्लु. म्याककोय

युनानी इतिहासकार प्लुटार्कले आजभन्दा २००० वर्षअघि नै 'सूक्ष्म-सैन्यवाद' (Micro-militarism) को बारेमा एउटा ओजपूर्ण व्याख्या लेखेका थिए, जसलाई आधुनिक इतिहासकारहरूले अहिले त्यही नामले पुकार्ने गर्छन् । जब एथेन्सजस्तो कुनै साम्राज्यवादी शक्ति वा अहिलेको अमेरिकाको पतन हुन थाल्छ, तब त्यसका नेताहरूले प्राय: आफ्नो हातबाट फुत्किँदै गएको साम्राज्यको भव्यता पुन: प्राप्त गर्ने आशामा भावनात्मक रूपमा आक्रामक सैन्य प्रहार गर्ने गर्छन् । साम्राज्यको चरमोत्कर्षको समयमा हात पारेका महान् विजयहरू जस्तो हुनुको सट्टा, यस्ता सैन्य दुस्साहसहरूले भने जारी पतनलाई झन् तीव्र बनाउने काम मात्र गर्छन् । यसले बाँकी रहेको साम्राज्यवादी महिमाको आभालाई समेत मेटाइदिन्छ र बरु शासक वर्गभित्रको गहिरो नैतिक पतनलाई छर्लङ्ग पारिदिन्छ ।

अमेरिका वास्तवमै तीव्र पतनको बाटोमा रहेको एउटा साम्राज्य हो भन्ने ऐतिहासिक प्रमाणहरू बढ्दै गएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध रोजेको युद्ध त्यस्तै एउटा 'सूक्ष्म-सैन्य विपत्ति' (Micro-military disaster) बन्दैछ, जसले विगत २५०० वर्षमा प्राचीन एथेन्सदेखि मध्यकालीन पोर्चुगल, आधुनिक स्पेन, ग्रेट ब्रिटेन र अहिले संयुक्त राज्य अमेरिकाजस्ता क्रमिक साम्राज्यहरूलाई ध्वस्त पार्न मद्दत गरेको थियो ।

यस्ता हरेक अभागी युद्ध-निर्णयहरूको केन्द्रमा एक समस्याग्रस्त नेता हुने गर्थे, जो प्राय: धन र प्रतिष्ठामा जन्मिएका हुन्थे, जसका व्यक्तिगत कमजोरीहरूले साम्राज्यवादी पतनलाई यति पीडादायी बनाउने तर्कहीनतालाई प्रतिबिम्बित र विस्तारित गर्थे ।

त्यो मनोबल गिराउने अधोगामी यात्राको क्रममा, साम्राज्यको उदयमा घातक साबित भएका सेनाहरूले आफ्ना देशहरूलाई थकित तुल्याउने र विनाशकारी 'सूक्ष्म-सैन्य' दुस्साहसमा होमेर गल्ती गर्न सक्छन् । यो गुम्दै गएको साम्राज्यवादी शक्तिको पीडालाई नयाँ क्षेत्रहरू कब्जा गरेर वा विस्मयकारी सैन्य पराक्रम प्रदर्शन गरेर शान्त पार्ने एक मनोवैज्ञानिक क्षतिपूर्तिको प्रयास हो । यद्यपि, यस्तो सूक्ष्म-सैन्यवादले अक्सर रणनीतिक रूपमा टिक्न नसकिने लक्ष्यहरू रोज्ने गर्दछ, तर पतनशील साम्राज्यहरूमाथि मनोवैज्ञानिक दबाब यति बलियो हुन्छ कि तिनीहरू प्राय: यस्तै दुस्साहसहरूमा आफ्नो प्रतिष्ठा दाउमा लगाउँछन् । यस्ता विपत्तिहरूले ओरालो लाग्दै गरेको साम्राज्यका अनेक समस्याहरूमा वित्तीय दबाब मात्र थप्दैनन्, बरु अपमानजनक ढङ्गले यसको खिइँदै गएको शक्तिलाई सधैँ उजागर गरिदिन्छन् । साथै, साम्राज्यका राजधानीहरू (चाहे त्यो एथेन्स, लिस्बन, म्याड्रिड, लन्डन होस् वा वासिङ्टन डिसी) मा साम्राज्यवादी पतनको अस्थिर प्रभावलाई झनै बढावा दिन्छन् ।

हाम्रो यो वर्तमान घडीमा, जब बमबारी रोकिनेछ र तेहरान तथा बेरुतका सडकहरूबाट अन्तत: भग्नावशेषहरू हटाइनेछ, तब यस्तो अघोषित पराजयले अमेरिकी विश्वव्यापी शक्तिमा पारेको प्रभाव छर्लङ्ग हुनेछ - जसरी नेटोजस्ता गठबन्धनहरू कमजोर हुँदै जानेछन्, अमेरिकी आधिपत्य हराउनेछ, वैधता समाप्त हुनेछ, विश्वव्यापी अराजकता बढ्नेछ र विश्व अर्थतन्त्रले सङ्कट व्यहोर्नेछ ।

अब म वर्तमान साम्राज्यवादी क्षणको विनाशबाट इतिहासका पाठहरूतर्फ लाग्दैछु, यो अन्वेषण गर्न कि डोनाल्ड ट्रम्पको मध्यपूर्वमा गरिएको सूक्ष्म-सैन्य दुस्साहसले यस देशको ओरालो लाग्दै गरेको साम्राज्यलाई कस्तो प्रकारको स्थायी क्षति पुऱ्याइरहेको हुन सक्छ ।

**सिसीलीमा एथेन्सको पराजय**

समय ईसापूर्व ४१३ को थियो । स्थान प्राचीन एथेन्स थियो, जुन तत्कालीन समयमा एक शक्तिशाली साम्राज्यको केन्द्र थियो । लामो समयसम्म एजियन सागरको किनारमा प्रभुत्व जमाएको एथेन्सले स्पार्टाको निरन्तर सैन्य चुनौतीका कारण आफ्नो प्रभाव गुमाउँदै थियो । पिरायसको बन्दरगाहमा, इतिहासकार तथा दार्शनिक प्लुटार्कले स्मरण गरेझैं, एक 'अपरिचित व्यक्ति' "हजामको पसलमा बस्यो र के भएको थियो भन्ने बारेमा यसरी गफ गर्न थाल्यो मानौँ एथेन्सवासीहरूलाई पहिले नै सबै थाहा थियो ।" सुदूर सिसीलीमा भएको सैन्य पराजयको त्यो अपरिचितको रिपोर्टबाट स्तब्ध भएर, हजाम "आफ्नो पूरा गतिमा एथेन्सको माथिल्लो सहरतिर दौडियो", जहाँ यो समाचारले 'स्तब्धता र अन्योल' पैदा गऱ्यो ।



त्यो अपरिचितले वर्णन गरेको कुरा एथेन्सको साम्राज्यको इतिहासकै सबैभन्दा ठुलो सैन्य विपत्ति थियो । दुई वर्षअघि, लामो समयदेखि चलिरहेको 'पेलोपोनेसियन युद्ध' को बिचमा, कुलीनवर्गका निसियास एक उदासीन र अनिर्णायक नेता, जसले आफ्नो पैतृक सम्पत्ति भव्य तडकभडक देखाएर लोकप्रियता बटुल्न प्रयोग गर्थे । उनले एथेन्सका नागरिकहरूलाई प्रतिद्वन्द्वी साम्राज्यवादी शक्ति स्पार्टाविरुद्ध सैद्धान्तिक रूपमा साहसिक प्रहार गर्न राजी गराएका थिए । उनको योजना स्पार्टाको सहयोगी सिसीलीको सिराक्यूजमा आक्रमण गरेर शत्रुलाई कमजोर बनाउने, धनदौलत कब्जा गर्ने र एथेन्सको घट्दो वर्चस्वलाई पुन: प्राप्त गर्ने थियो ।

तर, विजयको सट्टा एथेन्सको २०० जहाज र करिब १२,००० सैनिकको विशाल बेडाले विनाशकारी पराजय भोग्नुपऱ्यो । यसमा नौसेना मात्र ध्वस्त भएन (मुख्यतया निसियास 'एक अक्षम सैन्य कमाण्डर' साबित भएकाले), बरु उनका जीवित सैनिकहरू पक्राउ परे, ढुङ्गाको खानीमा भोकभोकै थुनिए र दासका रूपमा बेचिए । एथेन्स त्यसपछि कहिल्यै पुरानो लयमा फर्कन सकेन ।

एक दशकभित्रै, डार्डनेल्स स्ट्रेट (Dardanelles Strait) को नौसैनिक नाकामा स्पार्टाको अभेद्य नाकाबन्दीका कारण एथेन्स सहर भोकभोकै आत्मसमर्पण गर्न बाध्य भयो । त्यसको साम्राज्य खोसियो र स्पार्टा समर्थक अल्पतन्त्र (Oligarchy) को निरङ्कुश शासन लादियो ।

**मोरक्कोमा पोर्चुगलको हार**

हाम्रो अर्को मिति सन् १५७८ हो । स्थान पोर्चुगल हो, जुन एक आकर्षक साम्राज्यको केन्द्र थियो । दशकौँसम्म हिन्द महासागरको व्यापारमाथि नियन्त्रण जमाएको यस साम्राज्यको वर्चस्वलाई अहिले ओटोम्यान साम्राज्यसँग मिलेका मुस्लिम व्यापारी राजकुमारहरूले चुनौती दिइरहेका थिए ।

यसको राजधानी लिस्बनमा, एक हठ्ठी युवा राजा सेबास्टियन, जो यौन दुर्बलता र उग्र स्वभावबाट ग्रसित थिए, आफूलाई कट्टर 'क्राइस्टको कप्तान' ठान्थे । इस्लामविरुद्ध आफ्नो देशको विश्वव्यापी युद्धमा एउटा घातक प्रहार गर्ने सोचका साथ, ती युवा राजाले आफ्नो राष्ट्रका कुलीन वर्गका प्रबुद्ध व्यक्तिहरूलाई भूमध्यसागर पार गरी मोरक्कोतर्फ पछिल्लो युगको 'धर्मयुद्ध' (Crusade) मा जान मनाए । त्यहाँ, अल्कासर क्विबिरको दुर्भाग्यपूर्ण युद्धमा, पोर्चुगलको सेना स्थानीय मुस्लिम सेनाद्वारा काटियो । करिब ८,००० पोर्चुगाली सैनिक मारिए, १५,००० पक्राउ परे र मात्र १०० जना उम्कन सफल भए ।

यो पराजय यति विनाशकारी थियो कि यसले राजा र उनको दरबारलाई मात्र ध्वस्त पारेन, बरु अर्को ६० वर्षसम्म देशलाई स्पेनिश साम्राज्यमा गाभिने अवस्था सिर्जना गरिदियो । यस्तो उल्टो गतिका कारण गोवास्थित पोर्चुगाली एस्तादो दा इन्डिया (Estado da India) को अवस्था यस्तो भयो कि उसले हिन्दू, मुस्लिम वा क्रिस्चियन जोसुकै भए पनि शुल्क तिर्न सक्ने जहाजका कप्तानहरूलाई अनुमतिपत्र बेच्न थाल्यो । हिन्द महासागरबाट पोर्चुगाली व्यापारिक प्रभुत्व हटेपछि, मुस्लिम व्यापारी र तीर्थयात्रीहरू पुन: बिनाअवरोध आउजाउ गर्न थाले ।

यद्यपि, पोर्चुगाली साम्राज्य अर्को तीन शताब्दीसम्म टिक्यो, तर यसले त्यो व्यापारिक आधिपत्य कहिल्यै फिर्ता पाउन सकेन जसले एक समय इन्डोनेसियाका स्पाइस आइल्यान्ड्स (मसाला टापुहरू) देखि हिन्द महासागर र दक्षिण एटलान्टिक हुँदै ब्राजिलको तटसम्मका विश्वका समुद्री मार्गहरूमा राज गर्न मद्दत गरेको थियो ।

**एटलस पर्वतमा स्पेनको विपत्ति**

अब केही शताब्दी अगाडि बढौँ, साम्राज्यवादी विपत्तिको अर्को महत्त्वपूर्ण मिति सन् १९२० हो । स्थान म्याड्रिड थियो, जहाँ स्पेनका नेताहरू आफ्नो देशको लामो साम्राज्यवादी पतनको मनोवैज्ञानिक तनावबाट पहिले नै आत्तिएका थिए । सन् १८९८ को स्पेनिश-अमेरिकी युद्धमा उदाउँदो अमेरिकासँग आफ्ना अन्तिम उपनिवेशहरू क्युवा, पोर्टो रिको र फिलिपिन्स गुमाएपछि यो तनाव चरम सीमामा पुगेको थियो ।

थप औपनिवेशिक विजयमार्फत पुनर्जीवन खोज्दै, स्पेनका अनुदारवादी नेताहरूले अमेरिकासँगको त्यो मनोबल गिराउने हारको प्रतिक्रियास्वरूप उत्तरी मोरक्कोमा रहेका आफ्ना साना तटीय क्षेत्रहरूलाई विस्तार गरेर सम्पूर्ण क्षेत्र र त्यहाँका सुख्खा एटलस पर्वतहरूमाथि 'प्रोटेक्टोरेट' (संरक्षित राज्य) स्थापना गरे ।

स्पेनका अक्षम राजा अल्फोन्सो तेऱ्हौं, जो 'सैनिक' को भूमिका खेल्न मन पराउँथे, उनले आफ्ना मनपर्ने सैन्य अधिकारीहरूको एउटा गुट तयार पारे । तिनीहरूमा पनि त्यो दुर्गम क्षेत्रलाई शान्त पारेर गुमेको साम्राज्यवादी महिमा पुन: प्राप्त गर्ने उत्कट चाहना थियो । जब बर्बर मुस्लिमहरूले स्पेनिश शासनविरुद्धको प्रतिरोधलाई १९२० को रक्तपातपूर्ण 'रिफ युद्ध' (Rif War) मा बदले, राजाका एक मनपर्ने जनरलले आफ्ना सैनिकहरूलाई एनुअलको युद्ध (Battle of Annual) मा डोऱ्याए, जहाँ बर्बर लडाकुहरूले करिब १२,००० सैनिकहरूको कत्लेआम गरे ।

तैपनि, राजा र उनका सैन्य आसेपासेहरूको प्रभावका कारण स्पेनले ती अनुत्पादक मोरक्कन पहाडहरूलाई मरिहत्ते गरेर टिकिरह्यो । वास्तवमा, स्पेनीहरूले त्यहाँ थप १,२५,००० सैनिकहरू पठाए, जसमा 'फरेन लिजन' (Foreign Legion) को नेतृत्व ती व्यक्तिले गरेका थिए जो १९३० को दशकमा फासीवादी स्पेनका नेता बने, फ्रान्सिस्को फ्रान्को । यो एक लामो दमन अभियान थियो जसमा सामूहिक नरसंहार र सैन्य नवीनता दुवैको प्रयोग गरियो । आर्थिक र रणनीतिक तर्कलाई चुनौती दिने विजयको हतास खोजीमा, स्पेनले करिब ४०० मेट्रिक टन घातक 'मस्टर्ड ग्यास' उत्पादन गऱ्यो र इतिहासमै पहिलोपटक विषादी ग्यास प्रयोग गरेर हवाई बमबारी गरी बर्बर गाउँहरूमा सामूहिक मृत्युको वर्षा गरायो । सैन्य इतिहासको पहिलो सफल 'एम्फिबियस' (जल-थल) अपरेशनमा, स्पेनी नौसेनाले सेप्टेम्बर १९२५ मा अल होसेइमा खाडीमा १८,००० सैनिक र हल्का ट्याङ्कको एउटा दस्ता उतारेर बर्बर छापामारहरूलाई घेरा हाली छिट्टै पराजित गऱ्यो ।

यद्यपि, यस्तो 'सूक्ष्म-सैन्यवाद' ले स्पेनलाई बढ्दो लागत, भारी हताहती र सामूहिक अत्याचारयुक्त लामो दमन अभियानमा मात्र धकेलेन, बरु त्यस्ता राजनीतिक शक्तिहरूलाई जन्म दियो जसले उसको सङ्घर्षरत लोकतन्त्रलाई नै ध्वस्त पारिदियो ।

जब जनमानसले त्यो गलत युद्धको विरोध गऱ्यो, राजा अल्फोन्सोले आफ्ना मनपर्ने जनरल प्रिमो डी रिभेरालाई समर्थन गर्दै एक दशक लामो तानाशाही लादे, जसले अन्तत: अल्पकालीन 'दोस्रो गणतन्त्र' का लागि बाटो खोलिदियो । तर, सन् १९३६ मा, रिफ युद्ध सकिएको मात्र एक दशकपछि, जनरल फ्रान्कोले आफ्नो 'आर्मी अफ अफ्रिका' लाई मोरक्कोबाट भूमध्यसागर पार गराई फिर्ता ल्याए र स्पेनिस गृहयुद्ध सुरु गरे । यसले गणतन्त्रलाई पराजित गऱ्यो र एक फासीवादी तानाशाही स्थापना गऱ्यो, जसले करिब ४० निराशाजनक वर्षसम्म देशमा आर्थिक गतिहीनताका साथ शासन गऱ्यो ।

**स्वेजमा बेलायती साम्राज्यको अन्त्य**

साम्राज्यवादी पतनको कुरा गर्दा सम्भवत: सबैभन्दा अर्थपूर्ण मिति सन् १९५६ थियो । स्थान लन्डन थियो, जो एक समयको गौरवशाली बेलायती साम्राज्यको केन्द्र थियो । पीडादायी र लामो विश्वव्यापी साम्राज्यवादी पछि हट्ने (Retreat) प्रक्रियाको निसासलाग्दो तनावले बेलायती अनुदारवादीहरूलाई इजिप्टको स्वेज नहरमा विनाशकारी सूक्ष्म-सैन्य हस्तक्षेप गर्न बाध्य तुल्यायो, जसलाई एक बेलायती कूटनीतिज्ञले 'बेलायती साम्राज्यवादको मृत्युको छटपटी' (Dying convulsion) भनेका थिए ।

जुलाई १९५६ मा इजिप्टका करिश्माई राष्ट्रपति गमाल अब्देल नासेरले स्वेज नहरको राष्ट्रियकरण गरे । यसले त्यहाँको बेलायती औपनिवेशिक नियन्त्रण समाप्त गरिदियो, अरब जगतलाई उत्साहित बनायो र नासेरलाई विश्वका प्रथम श्रेणीका नेताहरूको सूचीमा पुऱ्यायो । यद्यपि, बेलायती जहाजहरू अझै पनि नहरबाट स्वतन्त्र रूपमा ओहोरदोहोर गर्न सक्थे, तर देशका अनुदारवादी प्रधानमन्त्री एन्थोनी इडेन, जो एक घमण्डी कुलीन र साम्राज्यका दृढ रक्षक थिए, नासेरको यो दृढ राष्ट्रवादी कदमबाट निकै विचलित वा भनौँ असन्तुलित नै भए । वास्तवमा, सङ्कटको समयमा उनको नेतृत्व यति धेरै असन्तुलित देखियो कि परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारीहरू नै विश्वस्त भए कि "इडेनको दिमाग खुस्किएको छ ।"

नहरको राष्ट्रियकरणको समाचार सुनेपछि, आक्रोशित इडेनले तुरुन्तै बिहानको ४:०० बजे युद्ध परिषद् बोलाए । नासेरलाई इटालीका पूर्वफासीवादी शासकको सन्दर्भ दिँदै 'मुस्लिम मुसोलिनी' भन्दै इडेनले आदेश दिए, "उनलाई हटाऊ, र मलाई मतलब छैन यदि इजिप्टमा अराजकता र भद्रगोल नै मच्चियोस् ।" आफ्नो कुरालाई अझ प्रस्ट पार्दै इडेनले आफ्ना परराष्ट्रमन्त्रीलाई सोधे, "नासेरलाई एक्लो पार्ने वा तपाईंले भनेजस्तो समाप्त बनाउने यो के बकवास हो ?" त्यसपछि उनले तीखो स्वरमा थपे, "म उनलाई सिध्याउन चाहन्छु, के तपाईंले बुझ्नुहुन्न ? म उनको हत्या चाहन्छु ।" बेलायती गोप्य एजेन्सी एमआई ६ (MI ६) ले हत्याका धेरै प्रयासहरूमा असफल भएपछि, इडेनको सरकारले फ्रान्सेली र इजरायलीहरूसँग मिलेर स्वेज नहर क्षेत्रमा गोप्य रूपमा दुई-चरणीय आक्रमणको योजना बनाउन थाल्यो ।

*Source : https://tomdispatch.com*

***अल्फ्रेड डब्लु. म्याककोय***

# इरान–अमेरिकाबिच आक्रमण र प्रत्याक्रमण



दुबई, १ जून (एपी)। इरान र संयुक्त राज्य अमेरिकाबिचको तनाव पुनः तीव्र बन्दै जाँदा दुवै पक्षले एकअर्काका सैन्य तथा रणनीतिक लक्ष्यहरूमा आक्रमण गरेका छन्। अमेरिकी सेनाले इरानका राडार र ड्रोन नियन्त्रण साइटहरूमा हवाई आक्रमण गरेको पुष्टि गरेको छ भने इरानले अमेरिकी ड्रोन खसालेको र जवाफी कारबाही गरेको स्वीकार गरेको छ। यसैबिच कुवेतले आफ्नो हवाई सुरक्षाले ड्रोन र क्षेप्यास्त्र आक्रमणहरूलाई रोक्न सफल भएको जनाएको छ।

अमेरिकी सेनाका अनुसार यो पछिल्लो कारबाही इरानद्वारा अन्तर्राष्ट्रिय जलक्षेत्रमा सञ्चालन भइरहेको अमेरिकी एमक्यू–१ प्रिडेटर ड्रोनलाई खसालेको घटनाको प्रतिक्रियास्वरूप गरिएको हो। इरानले सप्ताहन्तमा सो ड्रोनलाई निशाना बनाएको थियो। त्यसपछि क्षेत्रीय तनाव थप बढेको बताइएको छ।

अमेरिकी सेन्ट्रल कमान्डले शनिबार र आइतबार इरानको गेस्क सहर र केशम टापु आसपासका क्षेत्रहरूमा लक्षित आक्रमण गरिएको जानकारी दिएको छ। कमान्डका अनुसार यी आक्रमणहरू 'मापन गरिएको र योजनाबद्ध' थिए र इरानका आक्रामक गतिविधिहरूको प्रतिउत्तरस्वरूप गरिएको हो।

सेन्ट्रल कमान्डद्वारा जारी वक्तव्यमा भनिएको छ, "अन्तर्राष्ट्रिय जलक्षेत्रमा सञ्चालन भइरहेको अमेरिकी एमक्यू–१ ड्रोनमाथि भएको आक्रमणलगायतका इरानी आक्रामक कार्यहरूको प्रतिक्रियामा यी आक्रमणहरू गरिएको हो।"

उक्त वक्तव्यमा भनिएको छ, "अमेरिकी लडाकू विमानहरूले इरानका हवाई रक्षा प्रणाली, एउटा ग्राउन्ड कन्ट्रोल स्टेसन तथा दुईवटा एकतर्फी आक्रमण ड्रोनहरू नष्ट गरेका छन्, जसले क्षेत्रीय जलमार्गमा चलिरहेका जहाजहरूका लागि खतरा उत्पन्न गरिरहेको थियो।"

अमेरिकी सेनाले आक्रमणमा कुनै पनि अमेरिकी सैनिकको हताहत नभएको स्पष्ट पारेको छ। यद्यपि, प्रिडेटर ड्रोन हाल सेवाबाट हटाइए पनि अमेरिकी सेना अझै पनि यसको प्रयोग सीमित रूपमा गर्दै आएको उल्लेख गरिएको छ।

यता इरानले पनि अमेरिकी कारबाहीको जवाफी प्रतिक्रिया दिएको जनाएको छ। इरानी रिभोलुसनरी गार्डले राज्य सञ्चालित आइआरएनए समाचार एजेन्सीमार्फत जारी गरेको वक्तव्यमा अमेरिकी सेनाले एउटा टापुस्थित टेलिकम्युनिकेसन टावरलाई निशाना बनाएको दाबी गरिएको छ। यद्यपि, उक्त घटनाको विस्तृत स्थानबारे स्पष्ट जानकारी दिइएको छैन।

इरानले अमेरिकी ड्रोन खसालिएको घटनालाई आफ्नो हवाई सुरक्षा प्रणालीको सफल कदमका रूपमा प्रस्तुत गरेको छ भने अमेरिका र इरान दुवैले आ–आफ्नो कारबाहीलाई 'जवाफी र आवश्यक' भन्दै व्याख्या गरेका छन्।

यसबिच कुवेतले पनि सोमबार बिहान आफ्नो हवाई सुरक्षाले देशतर्फ प्रवेश गरिरहेका ड्रोन र क्षेप्यास्त्रहरूलाई रोक्न सफल भएको जनाएको छ। कुवेती अधिकारीहरूले तत्कालै सुरक्षा सतर्कता बढाइएको र सम्भावित क्षतिबाट जोगिन सक्रिय कदम चालिएको बताएका छन्।

क्षेत्रीय रूपमा फैलिँदो यो तनाव इरान युद्धपछिको एकहप्ते युद्धविरामको कमजोर अवस्थासँग जोडिएको देखिन्छ। युद्धविराम कायम राख्ने प्रयास भइरहे पनि बारम्बार आक्रमण र प्रतिआक्रमणले अवस्था थप जटिल बन्दै गएको छ।

यसैबिच इरानले हर्मुज जलडमरुमा आफ्नो नियन्त्रण कायम राखिरहेको बताइएको छ। यो जलडमरु विश्वव्यापी ऊर्जा आपूर्तिको अत्यन्त महत्त्वपूर्ण मार्ग हो। पर्सियन खाडीको साँघुरो मुखबाट विश्वको करिब पाँचौँ हिस्सा तेल र प्राकृतिक ग्यास ढुवानी हुने भएकाले यो क्षेत्र अन्तर्राष्ट्रिय चासोको केन्द्रमा रहेको छ।

उता इजरायल र हिजबुल्लाहबिचको तनाव पनि निरन्तर बढिरहेको छ। इजरायलले लेबनानमा लिटानी नदीभन्दा परसम्म आफ्नो सैन्य कारबाही विस्तार गरिरहेको छ भने इरान समर्थित हिजबुल्लाहले इजरायलतर्फ ड्रोन आक्रमण जारी राखेको छ, जसले क्षेत्रीय अस्थिरता अझ गहिरो बनाएको छ।

# बालबालिकासँग हुँदा फोन टाढा राख्न आग्रह

स्टकहोम, १८ जेठ (एएफपी)। स्विडेनको सार्वजनिक स्वास्थ्य एजेन्सीले आमाबाबुको मोबाइल प्रयोगले बालबालिकाको व्यवहार, बानी र पारिवारिक अन्तरक्रियामा असर पार्न सक्ने निष्कर्ष सार्वजनिक गर्दै बालबालिकासँग समय बिताउँदा फोन प्रयोग सीमित गर्न आग्रह गरेको छ। नयाँ सिफारिसमार्फत एजेन्सीले आमाबाबुलाई बच्चासँग हुँदा सकेसम्म फोन टाढा राख्न र अत्यावश्यक अवस्थामा मात्र प्रयोग गर्न सुझाव दिएको हो।

स्विडेनको जनस्वास्थ्य एजेन्सीले सोमबार जारी गरेको नयाँ मार्गनिर्देशन स्क्रिन प्रयोगसम्बन्धी पछिल्ला अनुसन्धानमा आधारित रहेको जनाएको छ। एजेन्सीले सन् २०२४ देखि नै आमाबाबुलाई बालबालिकाको वरिपरि स्मार्टफोन प्रयोगबारे सचेत हुन सुझाव दिँदै आएको भए पनि यसपटक थप स्पष्ट र व्यवहारिक सल्लाह अघि सारेको छ।

स्वास्थ्य प्राधिकरणले जारी गरेको वक्तव्यमा भनिएको छ, "जब तपाईं आफ्नो बच्चासँग हुनुहुन्छ, आफ्नो फोन टाढा राख्नुहोस्। आवश्यक परेमा मात्र प्रयोग गर्नुहोस् वा बच्चासँगै प्रयोग गरिरहनुभएको अवस्थामा मात्र प्रयोग गर्नुहोस्।"

एजेन्सीले आमाबाबुलाई आफ्नै जीवनमा पनि 'स्वस्थ स्क्रिन बानी' विकास गर्न आग्रह गरेको छ। यसको कारण के हो भने बालबालिकाले वयस्कहरूको व्यवहारबाट प्रत्यक्ष प्रभाव ग्रहण गर्ने भएकाले आमाबाबुको डिजिटल बानीले उनीहरूको आचरण निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने अनुसन्धानले देखाएको छ।

स्वास्थ्य एजेन्सीका अनुसार अध्ययनहरूले आमाबाबुको अत्यधिक स्क्रिन प्रयोगले बालबालिकासँग हुने प्रत्यक्ष संवाद र भावनात्मक सम्बन्धमा नकारात्मक असर पार्न सक्ने देखाएका छन्। त्यस्तै, धेरै समय मोबाइल वा अन्य स्क्रिनमा बिताउने आमाबाबुका बच्चाहरूमा पनि त्यस्तै बानी विकास हुने सम्भावना उच्च रहने उल्लेख गरिएको छ।

नयाँ सिफारिसमा घरभित्र 'स्क्रिन–मुक्त क्षेत्र' बनाउने अभ्यासलाई पनि प्राथमिकता दिइएको छ। एजेन्सीले शयनकक्ष, खाना खाने टेबल वा परिवारसँगै समय बिताउने स्थानहरूमा मोबाइल तथा अन्य स्क्रिन उपकरणको प्रयोग नगर्न सुझाव दिएको छ।

एजेन्सीमा कार्यरत मनोचिकित्सक हेलेना फ्रिलिङ्स्डोर्फले बालबालिकाले केवल वयस्कका शब्द मात्र नभई, उनीहरूको व्यवहार पनि नजिकबाट सिक्ने बताउनुभयो।

हालका वर्षहरूमा स्विडेनले बालबालिकाको अत्यधिक स्क्रिन समय घटाउन विभिन्न नीति र कदम अघि बढाउँदै आएको छ। त्यसैको निरन्तरतामा जनवरीमा सरकारले कक्षा ९ सम्मका विद्यार्थीका लागि विद्यालयभित्र स्मार्टफोन प्रयोगमा प्रतिबन्ध लगाउने योजना सार्वजनिक गरेको थियो। यो नियम लागू भएमा करिब १५–१६ वर्ष उमेरसम्मका बालबालिकाहरू विद्यालयमा स्मार्टफोन प्रयोग गर्न पाउने छैनन्।

स्विडेनको पछिल्लो सिफारिसलाई केवल फोन प्रयोग घटाउने प्रयासका रूपमा मात्र नभई परिवारभित्र प्रत्यक्ष संवाद, सहभागिता र स्वस्थ डिजिटल संस्कार प्रवर्द्धन गर्ने अभियानका रूपमा पनि हेरिएको छ।

# चीनद्वारा इन्टरनेट प्रविधिको नयाँ परीक्षण उपग्रह सफल प्रक्षेपण

बेइजिङ, १८ जेठ (सिन्हुवा)। चीनले इन्टरनेट तथा सञ्चार प्रविधिको विकासलाई थप सुदृढ बनाउने उद्देश्यसहित नयाँ परीक्षण उपग्रह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ। आइतबार बिहान दक्षिणपश्चिमी सिचुआन प्रान्तस्थित उपग्रह प्रक्षेपण केन्द्रबाट उक्त उपग्रह प्रक्षेपण गरिएको हो।

चिनियाँ समयअनुसार बिहान २ बजेर ७ मिनेटमा वाहक रकेटमार्फत प्रक्षेपण गरिएको उपग्रह निर्धारित कक्षामा सफलतापूर्वक स्थापित भएको चिनियाँ अन्तरिक्ष निकायले जनाएको छ। प्रक्षेपण प्रक्रिया पूर्ण रूपमा सफल रहेको र उपग्रहले आफ्नो प्रारम्भिक कार्य सञ्चालन सुरू गरिसकेको बताइएको छ।

अधिकारीहरूका अनुसार यो उपग्रह मुख्य रूपमा प्रत्यक्ष मोबाइल–उपग्रह ब्रडब्यान्ड जडान प्रविधिको परीक्षण तथा प्रमाणीकरणका लागि प्रयोग गरिनेछ। यस प्रविधिमार्फत भविष्यमा सामान्य मोबाइल फोन प्रयोगकर्ताले पृथ्वीका दुर्गम क्षेत्रहरूमा समेत उपग्रहमार्फत प्रत्यक्ष इन्टरनेट तथा सञ्चार सेवा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ।

उपग्रहले अन्तरिक्ष र भू–भागबिच एकीकृत सञ्चार सञ्जाल निर्माणसम्बन्धी विभिन्न प्रविधिको पनि परीक्षण गर्नेछ। यसले भविष्यमा अझ प्रभावकारी, स्थिर तथा फराकिलो पहुँच भएको सञ्चार पूर्वाधार विकास गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

विशेषज्ञहरूका अनुसार प्रत्यक्ष मोबाइल–उपग्रह जडान प्रविधि विकास भएसँगै हिमाली क्षेत्र, मरुभूमि, समुद्री क्षेत्र तथा प्राकृतिक विपद्का समयमा समेत सञ्चार सेवा उपलब्ध गराउन सहज हुनेछ। यस्तो प्रविधिले परम्परागत भू–आधारित सञ्चार संरचनामा निर्भरता कम गर्दै आपत्कालीन अवस्थामा भरपर्दो सञ्चार माध्यम उपलब्ध गराउन मद्दत पुर्‍याउनेछ।

यस प्रक्षेपणसँगै चीनको वाहक रकेट शृङ्खलाले ६४६ औँ उडान अभियान सफलतापूर्वक सम्पन्न गरेको छ। यो उपलब्धिले चीनको अन्तरिक्ष कार्यक्रम निरन्तर विस्तार भइरहेको र देशले अन्तरिक्ष प्रविधि तथा उपग्रह सञ्चार क्षेत्रमा आफ्नो क्षमता मजबुत बनाउँदै लगेको सङ्केत गरेको छ।

हाल विश्वका विभिन्न मुलुक तथा प्रविधि कम्पनीहरू उपग्रहमार्फत उच्चगतिको इन्टरनेट सेवा विस्तार गर्ने प्रतिस्पर्धामा रहेका छन्। चीनले पनि यस क्षेत्रमा आफ्नो उपस्थिति बलियो बनाउन नयाँ परीक्षण तथा अनुसन्धान कार्यक्रमहरूलाई तीव्रता दिइरहेको छ।

विशेषज्ञहरूले यो प्रक्षेपणलाई चीनको भविष्यको उपग्रह–आधारित इन्टरनेट तथा सञ्चार सेवाको विकासतर्फको अर्को महत्त्वपूर्ण कदमका रूपमा मूल्याङ्कन गरेका छन्।

# मलेसियामा १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध

क्वालालम्पुर, १ जून (एपी)। मलेसियाले १६ वर्षभन्दा कम उमेरका बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा कडाइ गर्दै नयाँ कानुनी व्यवस्था लागू गरेको छ। सोमबारदेखि कार्यान्वयनमा आएको उक्त नियमअनुसार १६ वर्षमुनिका बालबालिकाले सामाजिक सञ्जालमा व्यक्तिगत खाता खोल्न वा सञ्चालन गर्न पाउने छैनन्।

नयाँ व्यवस्थाअनुसार सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीहरूले प्रयोगकर्ताको उमेर अनिवार्य रूपमा प्रमाणीकरण गर्नुपर्नेछ। साथै, १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई खाता दर्ता गर्न नदिने तथा त्यस्ता खाताहरू पहिचान गरी रोकथाम गर्ने जिम्मेवारी पनि सम्बन्धित कम्पनीहरूकै हुनेछ।

यो नियम फेसबुक, इन्स्टाग्राम, टिकटक, युट्युबलगायत लाखौँ प्रयोगकर्ता भएका प्रमुख सामाजिक सञ्जालहरूमा लागू हुनेछ। नियमको पालना नगर्ने कम्पनीहरूलाई १ करोड मलेसियन रिंगिटसम्म जरिवाना गर्न सकिने व्यवस्था गरिएको छ।

मलेसिया सरकारले बालबालिकालाई अनलाइन माध्यमबाट फैलिने हानिकारक सामग्री, साइबर दुर्व्यवहार, मानसिक दबाब तथा सामाजिक सञ्जालको अत्यधिक प्रयोगबाट जोगाउने उद्देश्यले यस्तो कदम चालेको जनाएको छ। सरकारका अनुसार पछिल्ला वर्षहरूमा बालबालिकामाथि डिजिटल माध्यमबाट हुने विभिन्न जोखिम बढ्दै गएकाले कडा नियमन आवश्यक भएको हो।

यद्यपि, बालबालिकाले विभिन्न उपाय अपनाएर नियम छल्दै खाता खोलेको अवस्थामा अभिभावकलाई कुनै कानुनी कारबाही गरिने छैन। सरकारको ध्यान मुख्य रूपमा सामाजिक सञ्जाल कम्पनीहरूलाई उत्तरदायी बनाउनेतर्फ केन्द्रित रहेको बताइएको छ।

मलेसियाको सञ्चार तथा बहुमाध्यम आयोगले यो नीति बालबालिकालाई इन्टरनेटबाट टाढा राख्ने उद्देश्यले नभई उनीहरूका लागि सुरक्षित र उमेरअनुकूल डिजिटल वातावरण निर्माण गर्न ल्याइएको स्पष्ट पारेको छ।

मलेसिया यस्तो कदम चाल्ने विश्वका केही देशहरूमध्ये एक बनेको छ। यसअघि अष्ट्रेलिया, ब्राजिल र इन्डोनेसियाले पनि बालबालिकाको सामाजिक सञ्जाल पहुँचमा कडा नियम लागू गरिसकेका छन् भने बेलायत, फ्रान्स, स्पेन, डेनमार्क, थाइल्यान्ड र दक्षिण कोरियालगायत देशहरूले पनि यस्तै नीति निर्माणको प्रक्रिया अगाडि बढाइरहेका छन्।

# लेबनानको अवस्थाप्रति जर्मनीको गम्भीर चिन्ता

बर्लिन, १ जून (सिन्हुवा)। जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले दक्षिणी लेबनानमा इजरायली सेनाको थप सैन्य अग्रसरताप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले क्षेत्रीय तनावलाई थप बढ्न नदिन सबै पक्षलाई तत्काल युद्धविरामको सम्मान गर्न तथा शान्तिपूर्ण संवादको माध्यमबाट समाधान खोज्न आग्रह गर्नुभएको छ।

विदेशमन्त्री वाडेफुलले जारी गर्नुभएको वक्तव्यमा इजरायली सैन्य कारबाही उत्तरी इजरायलमाथि भएका निरन्तर आक्रमणहरूको प्रतिक्रियाका रूपमा सुरु भएको भए पनि, हालको अवस्थालाई थप सैन्य रूपमा विस्तार गर्नु दीर्घकालीन समाधान नहुने बताउनुभएको छ। उहाँका अनुसार यसले पहिले नै संवेदनशील रहेको क्षेत्रीय परिस्थितिलाई अझ अस्थिर बनाउन सक्छ।

उहाँले विशेष रूपमा सर्वसाधारण नागरिकहरूको सुरक्षाप्रति चिन्ता व्यक्त गर्दै सैन्य गतिविधिका कारण लेबनानका हजारौँ परिवार पुनः विस्थापित हुन सक्ने चेतावनी दिनुभएको छ। लगातारको द्वन्द्वका कारण घर, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य आधारभूत संरचनामा क्षति पुग्न सक्ने र मानवीय सङ्कट अझ गम्भीर बन्न सक्ने उहाँले बताउनुभयो।

वाडेफुलले यदि द्वन्द्वका कारण लेबनानका केही क्षेत्र दीर्घकालीन रूपमा बसोबास गर्न अयोग्य बने भने त्यसले स्थानीय जनजीवनमा मात्र नभई सम्पूर्ण क्षेत्रको स्थायित्वमा नकारात्मक प्रभाव पार्ने बताउनुभएको छ। उहाँले नागरिकहरूले सैन्य तनावको मूल्य चुकाउनुपर्ने अवस्था कुनै पनि पक्षका लागि लाभदायक नहुने उल्लेख गर्नुभयो।

जर्मनीले सबै पक्षलाई संयम अपनाउन, अन्तर्राष्ट्रिय मानवीय कानुनको पूर्ण पालना गर्न तथा निर्दोष नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ। साथै, युद्धविरामलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै दीर्घकालीन शान्ति र स्थिरताको दिशामा कूटनीतिक पहललाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ।

# भक्तपुरमा फुटसलको नयाँ उत्सव : खेल, उत्साह र एकताको अद्भूत सङ्गम

● निश्चल (आरएस)

भक्तपुर सदियौँदेखि संस्कृति, जात्रा, पर्व र परम्पराको सहरका रूपमा परिचित रहँदै आएको छ। प्रत्येक वर्ष भक्तपुर नगरपालिकाले गर्दै आएको विद्यालयस्तरीय र अन्तर नगरपालिका तथा विभिन्न क्लव र संस्थाद्वारा आयोजित खेलकुद प्रतियोगिताहरूले भक्तपुरलाई खेलकुदमय सहरका रूपमा स्थापित गर्दै लगेका छन्। यही क्रममा भक्तपुर युवा टीमको आयोजनामा जेठ ६ गतेदेखि १६ गतेसम्म सञ्चालन भएको भक्तपुर नगरपालिका अन्तरवडा फुटसल प्रतियोगिता २०८३ ले भक्तपुरको खेलकुद इतिहासमा नयाँ अध्याय थपेको छ।









दस दिनसम्म सञ्चालन भएको यस प्रतियोगिताले खेलकुदलाई प्रतिस्पर्धा मात्र नभई समुदायलाई जोड्ने, युवालाई सकारात्मक दिशातर्फ प्रेरित गर्ने र सामाजिक एकता सुदृढ बनाउने माध्यम पनि हो भन्ने सन्देश दिएको छ। नगरका प्रत्येक वडाबाट एक-एक टोलीको सहभागितामा लिग कम नकआउट प्रणालीमा सम्पन्न प्रतियोगिताले खेलाडी, दर्शक, आयोजक र स्थानीय समुदायबिच अभूतपूर्व उत्साह सिर्जना गर्‍यो।

**फुटसलको बढ्दो लोकप्रियता**

सन् १९३० मा उरूग्वेको मोन्टेभिडियोबाट सुरू भएको फुटसल खेल खुला मैदानको अभाव र खराब मौसमका कारण फुटबल खेल्न समस्या भएपछि युवाहरूलाई बास्केटबल कोर्टमा खेल्न मिल्ने गरी शारीरिक शिक्षा शिक्षक जुआन कार्लोस सेरियानीले यसको नियम बनाएका थिए। यद्यपि, नेपालमा फुटसलको लोकप्रियता तीव्र रूपमा बढिरहेको सन्दर्भमा भक्तपुरमा आयोजित यस प्रतियोगिताले फुटसलको भविष्यप्रति अझ आशावादी बनाएको छ। सामान्यतया इन्डोर खेलका रूपमा चिनिने फुटसललाई आयोजकले सहिद स्मृति खेलमैदानमा लाइटको व्यवस्थासहित साँझको समयमा सञ्चालन गर्नु आफैँमा प्रशंसनीय प्रयास थियो। खुला मैदानमा आधुनिक शैलीमा प्रतियोगिता सञ्चालन गर्दा खेलाडी र दर्शक दुवैले नयाँ अनुभव प्राप्त गरे।



मौसमले बारम्बार चुनौती दिए पनि खेलाडी, निर्णायक तथा आयोजकहरूले कुनै सम्झौता नगरी प्रतियोगितालाई निरन्तरता दिए। वर्षाका बिच छाता ओढेर प्यारापिटमा बसेका दर्शकहरूको उत्साहले खेलप्रतिको माया र समर्पण स्पष्ट देखाएको थियो।

**दर्शकको अभूतपूर्व सहभागिता**

प्रतियोगिताभर करिब पचास हजार दर्शकले प्रत्यक्ष रूपमा खेल अवलोकन गरेको अनुमान गर्न सकिन्छ। दस दिनसम्म लगातार दर्शकहरूको उपस्थिति, खेलप्रतिको चासो र सहभागिताले प्रतियोगितालाई नगरकै प्रमुख आकर्षण बनायो।

आजको डिजिटल युगमा अधिकांश युवा तथा सर्वसाधारण मोबाइल र सामाजिक सञ्जालमा सीमित भइरहेको बेला भक्तपुर युवा टीमले हजारौँ मानिसलाई मैदानसम्म ल्याउन सफल भएको छ। यस अर्थमा प्रतियोगिता खेलकुद कार्यक्रम मात्र नभई सामाजिक पुनर्मिलनको अवसरसमेत बनेको देखिन्छ।

प्यारापिट भरिएपछि खेल हेर्न नपाएका दर्शकका लागि आयोजकको फेसबुक पेज, जनसञ्चार टेलिभिजन, भादगाउँ टेलिभिजन, भक्तपुररियन्सको फेसबुक पेज तथा विभिन्न सामाजिक सञ्जाल प्लेटफर्मबाट प्रत्यक्ष प्रसारण गरिएको थियो। यसले प्रतियोगिताको पहुँच अझ व्यापक बनायो।

**खेलाडीको मनोबल बढाउने वातावरण**

प्रतियोगिताको दौरानमा प्रत्येक दिन विभिन्न वडाका वडाध्यक्षहरू स्वयम् उपस्थित भई खेल अवलोकन गर्नुले खेलाडीहरूको मनोबल उच्च बनाएको देखिन्थ्यो। वडा कार्यालयहरूले आफ्नो वडाबाट टोली सहभागिता गराउनु मात्र होइन, अन्य युवालाई पनि खेलकुदप्रति आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेले।

प्रत्येक खेलपछि उत्कृष्ट खेलाडीलाई नगद पुरस्कार र मायाको चिनो प्रदान गर्ने व्यवस्थाले खेलाडीहरूलाई थप प्रेरणा प्रदान गर्‍यो। प्रतियोगितामा बालक, युवा, वयस्क, ज्येष्ठ नागरिक तथा महिलाहरूको समान उत्साहजनक सहभागिता देखिनु यसको अर्को सकारात्मक पक्ष रह्यो।

**सामाजिक सञ्जालमा सकारात्मक चर्चा**

प्रतियोगिताले सामाजिक सञ्जालमा पनि व्यापक चर्चा पायो। सामाजिक सञ्जाल 'भक्तपुरियन्स' मा रूसेल शिल्पकारले लेखेका शब्दहरूले प्रतियोगिताको वास्तविक प्रभाव झल्काउँछन्। उनका अनुसार सहिद स्मृति खेल मैदानमा देखिएको दर्शकहरूको उत्साह र भीडले यो केवल खेलकुद प्रतियोगिता नभई भक्तपुरमा थपिएको नयाँ उत्सवजस्तै अनुभूति दिलाएको थियो।

उनले मैदानमा देखिएको सामूहिक रमाइलोपन, हाँसो, मनोरञ्जन, नेवारी बाजा र उत्सवमय वातावरणलाई भक्तपुरको मौलिक सांस्कृतिक परम्परासँग तुलना गरेका छन्। वास्तवमै, प्रतियोगिताले खेलकुदलाई उत्सवको स्वरूप दिन सफल भएको देखिन्छ।

**उत्कृष्ट फोटोग्राफी र साउन्ड सिस्टम**

प्रतियोगिता अवधिभरको साउन्ड सिस्टम राम्रो रह्यो। कुनै अवरोधबिना दसै दिन चलेको साउन्ड सिस्टम र प्रत्येक खेलमा कार्यक्रम सञ्चालकहरूले खेल र खेलको अवस्थाबारे दिइरहेको जानकारीले दर्शकहरू खेलबारे अनभिज्ञ हुन परेनन्। त्यसभन्दा पनि अझ उत्कृष्ट त प्रतियोगिता अवधिभर फोटो खिच्ने फोटोग्राफरहरूको फोटो रह्यो। प्रत्येक दिनको फोटो फोटोग्राफरहरूको आफ्नै फेसबुक पेज र आयोजकको फेसबुक पेजमा देख्न पाउँदा प्रतियोगिताको प्रचारप्रसार अझ बढी भएको देखिन्छ। दर्शकहरूले सामाजिक सञ्जालमा खेल हेरिराखेको आफ्नो फोटो देख्न पाउँदा खेल हेर्न अझ हौसिएको देखिन्छ।

**स्वयम्सेवकको उत्तिकै सक्रियता**

प्रतियोगिता अवधिभर स्वयम्सेवकको उत्तिकै सक्रियता देख्न सकिन्छ। आयोजकले खेल मैदानका साथै मैदान बाहिर र दर्शकहरू बस्ने प्यारापिटमा स्वयम्सेवक, भक्तपुर नगरपालिकाका नगर प्रहरी र महानगरीय प्रहरी परिसर भक्तपुरबाट सुरक्षाकर्मी खटाएर दर्शकहरूको सुरक्षाका साथै व्यवस्थापन गरेको देखिन्छ। खेल सक्नेबित्तिकै अर्को खेलको लागि खेल मैदान पुन: व्यवस्थापन गर्न स्वयम्सेवक मात्र होइन आयोजक टीमका पदाधिकारीहरू नै खटिएको देख्दा आयोजक खेलको विकासप्रति उत्तिकै अग्रसर देखिन्छ।

**अन्तर्राष्ट्रिय स्तरको अनुभूति**

मैदानको जालीमा प्रायोजक तथा सहयोगी संस्थाहरूका विज्ञापन, व्यवस्थित सञ्चालन, उद्घोषण, प्रकाश व्यवस्था तथा प्रतियोगिताको समग्र व्यवस्थापनले दर्शकहरूलाई अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता हेरेको अनुभूति गरायो।

प्रत्येक दिनको फिफा गान तथा नेपालको राष्ट्रिय गान बजाएर खेलाडी र दर्शकमा राष्ट्रप्रतिको सम्मान अभिवृद्धि गरिनु अर्को सकारात्मक पक्ष रह्यो। आयोजक भक्तपुर युवा टीमको इतिहास समेटिएको गीतले पनि दर्शकलाई टीमको योगदानबारे जानकारी गराएको थियो।

त्यसैगरी, प्रत्येक खेलको नतिजा अनुमान गर्ने प्रतियोगिता सञ्चालन गरी आकर्षक पुरस्कारको व्यवस्था गरिनुले दर्शक र खेलप्रेमीहरूलाई प्रतियोगितासँग थप जोडेर राख्न सफल भएको देखिन्छ।

**खेलस्तर र व्यवस्थापनको प्रशंसा**

प्रतियोगिताका प्रमुख अफिसियल तथा एएफसी रेफ्री इन्स्ट्रक्टर सुरज सायमी मानन्धरका अनुसार भक्तपुरका खेलाडीहरूले अपेक्षाभन्दा उत्कृष्ट प्रदर्शन गरेका थिए। अनुकूल वातावरण, दर्शकहरूको निरन्तर साथ तथा व्यवस्थित प्रतियोगिताले खेलाडीहरूलाई आफ्नो उत्कृष्ट क्षमता प्रदर्शन गर्न मद्दत गरेको उनको भनाइ छ।

प्रतियोगिताभर भएका २३ वटै खेल प्रतिस्पर्धात्मक र रोमाञ्चक रहे। विशेषगरी सेमिफाइनलका खेलहरूलाई धेरैले फाइनल सरहको प्रतिस्पर्धा भएको टिप्पणी गरेका थिए।

**तीन दशक लामो इतिहास बोकेको टीम**

भक्तपुर युवा टीम कुनै नयाँ संस्था होइन। तीन दशकभन्दा लामो इतिहास बोकेको यस टीमले विगतमा तीनपटक खुला भक्तपुर कप फूटबल प्रतियोगिता, बुद्धिचाल प्रतियोगितालगायत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेल गतिविधि सञ्चालन गर्दै आएको छ। संस्थाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी र निर्णायक उत्पादन भएका छन्।

यसपटकको फुटसल प्रतियोगिताले पनि टीम र टीमका पदाधिकारीहरूको क्षमता, व्यवस्थापन कौशल र खेलकुदप्रतिको प्रतिबद्धतालाई पुन: प्रमाणित गरेको छ।

**भविष्यतर्फको सन्देश**

प्रतियोगिताको समापन समारोहमा व्यक्त विचारहरू पनि अर्थपूर्ण थिए। अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले खेलकुदले राष्ट्रको सार्वभौमिकता, पर्यटन प्रवर्द्धन तथा सामाजिक एकतामा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। अनुशासन, मित्रता र स्वस्थ जीवनशैलीको विकासमा खेलकुदको भूमिका अपरिहार्य रहेको उहाँको भनाइ थियो।

भक्तपुर युवा टीमको मूल नारा 'मित्रता, अनुशासन र स्वास्थ्यका लागि खेल' यस प्रतियोगितामार्फत व्यवहारमै कार्यान्वयन भएको अनुभूति गर्न सकिन्छ।

**निष्कर्ष**

भक्तपुर नगरपालिका अन्तरवडा फुटसल प्रतियोगिता २०८३ एउटा खेल प्रतियोगिता मात्र थिएन। यसले भक्तपुरमा खेलकुदप्रतिको आकर्षण, सामाजिक एकता, युवाको सहभागिता र सामुदायिक उत्साहलाई नयाँ उचाइमा पुर्‍याएको छ। हजारौँ दर्शक, सयौँ खेलाडी, समर्पित आयोजक र उत्साहित समुदायको संयुक्त प्रयासले यो प्रतियोगिता सफल मात्र होइन, स्मरणीय बनेको छ। प्रतियोगिताको सफलताले भक्तपुर युवा टीमलाई सबैले सम्झिरहनेछन्।

आगामी वर्षमा पनि यस्ता प्रतियोगिताहरूलाई निरन्तरता दिँदै अझ व्यवस्थित र व्यापक बनाइयो भने भक्तपुर खेलकुद पर्यटन तथा प्रतिभा उत्पादनको केन्द्रका रूपमा स्थापित हुन सक्ने सम्भावना प्रबल छ। यही अपेक्षासहित भक्तपुर युवा टीमलाई हार्दिक बधाई तथा आगामी यात्राका लागि शुभकामना !

***माननीयज्यू...***

भ्रष्टाचारका काण्डहरू थन्किएका छन्। जनताले छिटो छरितो न्याय र सेवा पाउन सकेका छैनन्। नागरिकले सुशासनको प्रत्याभूति गर्न पाएका छैनन्। यी यस्ता थुप्रै राष्ट्रिय समस्याका मुद्दाहरू छन्, जसको समाधान जनताले खोजिरहेका छन्।

यस्ता दूरगामी महत्त्वका विषयमा गम्भीर बहस र नीतिगत समाधान खोजिनुपर्ने संसद् कहिलेकाहीँ टेलिभिजनको विवादास्पद 'रियालिटी शो' भन्दा पनि निम्न स्तरको दृश्य प्रस्तुत गरिरहेको देखिन्छ। देशको सर्वोच्च थलो कुनै 'रेस्लिङ खेलको रिङ' होइन, जहाँ जसको स्वर ठुलो र आक्रामक हुन्छ, उसैको मात्र चर्चा होस्। तर, दु:खका साथ भन्नुपर्छ जे नहुनु पर्ने थियो अहिले त्यही भईरहेको छ।

**विकल्पप्रतिको निराशा : लोकतन्त्रका लागि सबैभन्दा ठुलो खतरा**

राजनीतिमा एउटा ठुलो रोग छ। सत्ता नपाए विद्रोहको भाषा बोल्ने र लोकप्रियता पाएपछि आत्ममुग्ध र अहङ्कारी हुने। जनताले दिएको अभूतपूर्व समर्थनलाई कतिपयले जिम्मेवारीको रूपमा होइन, आफू जे गरे पनि जनताले स्वीकार्छन् भन्ने भ्रमको रूपमा बुझ्न थालेका छन्। यही भ्रमबाट अहङ्कार जन्मिन्छ र अहङ्कारबाट विवेकको पतन सुरु हुन्छ।

पुराना दलप्रति निराश हुनु एउटा सामान्य राजनीतिक अवस्था हो, तर विकल्पका रूपमा छानिएका नयाँ शक्तिहरू र 'जान्नेहरू' प्रति पनि नागरिक निराश हुनु लोकतन्त्रका लागि सबैभन्दा खतरनाक अवस्था हो। किनकि, त्यसपछि नागरिकमा "कोही पनि फरक छैन, यहाँ सबै उस्तै हुन्" भन्ने भावना जन्मिन्छ, जसले अन्तत: लोकतान्त्रिक सहभागिता र समग्र व्यवस्थामाथि नै वितृष्णा पैदा गराउँछ। इतिहास साक्षी छ। जनताले गल्ती क्षमा गर्न सक्छन् तर भरोसामाथिको धोका र नेतृत्वको अहङ्कार कहिल्यै स्वीकार्दैनन्।

**सच्चिनुस् मान्यज्यूहरू, नत्र इतिहास निर्मम हुनेछ**

'जान्नेलाई छान्ने' भन्ने नारा केवल चुनावी पोस्टरमा सुहाउने शब्द होइन, यसको वास्तविक परीक्षा संसद्भित्रका दैनिक आचरणमा हुन्छ। आज आवश्यकता सत्तापक्ष र प्रतिपक्षबिच हारजितको सङ्घर्ष र जुङ्गाको लडाइँ हैन। जनतामा संसद् र राज्यप्रतिको ओइलाउँदै गएको विश्वास जित्ने हो। आवश्यकता भाइरल हुने होइन, नीतिगत परिणाम दिने हो।

यदि संसद् फेरि पनि विगतमा जस्तै निरन्तर रेस्लिङ रिङकै रूपमा चलिरहने हो भने जनताले नयाँ र पुरानाबिचको भिन्नता छुट्याउन सक्ने छैनन्। रास्वपालगायतका नयाँ शक्ति र तिनका सांसदहरूले अब कुनै पनि बहानाबाजी नगरी गम्भीर आत्मसमीक्षाको बाटो रोज्नैपर्छ।

अत: माननीयज्यूहरू, संसद्मा रिस, अहङ्कार र आवेग होइन, विवेक र कानुन बोल्नुपर्छ। जनताले तपाईंहरूलाई चिच्याउन होइन, सोच्न पठाएका हुन्। भिडन्त गर्न होइन, समाधान दिन पठाएका हुन्। बेलैमा आफ्नो प्रवृत्ति र व्यवहारलाई सुधार्नुस्। अन्यथा भोलि इतिहासले एउटै वाक्य लेख्नेछ, "अनुहार फेरिए, तर प्रवृत्ति फेरिएन।"

यो वाक्य नै नयाँ राजनीतिक शक्तिहरूका लागि सबैभन्दा ठुलो र लज्जास्पद असफलता हुनेछ।

***मित्र....***

२१ औं शताब्दीमा पनि नेपालमा नयाँ पुस्तालाई श्रमिक बनाई विदेश पठाउने षड्यन्त्र अफ्रिकाबाट युरोपमा दास व्यापारीहरूले ठुलो कष्ट दिएर व्यापार गर्न लगेको इतिहासका घटनाहरूसँग मिल्दोजुल्दो छ ।

यस्तो अँध्यारो स्थितिमा पनि छिमेकी चीनले यसै दशकमा आफ्नो देशबाट गरिबी हटाएर देखाउँदा संसारका सबै सभ्य र उज्यालो भविष्य देख्ने मानव जातिको निम्ति खुसीको खबर मात्र नभई एक सुन्दर उदाहरण र आविष्कारै साबित भयो; नत्र हिजो सुनिएका सबैजसो समृद्धिका कथाहरूमा त दासहरू र लाखौंलाख श्रमिकहरूको रगत अनि पसिनाको मूल्यमा शासकहरूको मात्रै समृद्ध जीवनको चिनो हुन्थ्यो । अब दक्षिण एसियाली देशहरूले मात्रै होइन, एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशका जनता तथा युरोपेली देशका जनताले पनि आ-आफ्ना देशबाट गरिबी निर्मूल गर्नसक्ने आशा र व्यवहार खोज्दै जानेछन् ।

यस्तो अन्तर्राष्ट्रिय परिस्थितिमा साउन ७ गते चिनियाँ कम्युनिस्ट पार्टीको 'राजनीतिक समिति' का सदस्य एवम् प्रान्तीय स्तरको नगरपालिका, चीनको दक्षिण-पश्चिम क्षेत्रस्थित छोङ छिङ नगरपालिकाका पार्टी प्रमुख युआन चियाच्युन (Yuan Jujun) द्वारा नेतृत्व गरिएको एक प्रतिनिधिमण्डल तीनदिने भ्रमणको सिलसिलामा साउन ८ गते भक्तपुरको अवलोकन भ्रमणमा पुग्यो । उक्त प्रमण्डललाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लायकु (दरबार स्क्वायर) मा स्वागत गर्नुभयो । त्यस स्वागत कार्यक्रममा नगरपालिकाका सबै जनप्रतिनिधि विभिन्न सांस्कृतिक टोली र विद्यालयका विद्यार्थीहरूसमेत सहभागी थिए ।

त्यस चिनियाँ कम्युनिस्ट पार्टीका प्रतिनिधिमण्डलले नेपाल मजदुर किसान पार्टीका नेताहरूसँग पनि भेटघाट र छलफल गरेको समाचारले जनतामा थप खुसीको लहर फैलिएको छ ।

भेटघाटको क्रममा चिनियाँ नेता युआन चियाच्युनले नेपाली जनताले आफ्नो इच्छाअनुसारको राजनीतिक व्यवस्था अपनाउन स्वतन्त्र भएकाले चिनियाँ कम्युनिस्ट पार्टीले सबै नेपाली राजनीतिक पार्टीहरूसँग सम्बन्ध राख्दै आएको र चिनियाँ कम्युनिस्ट पार्टीले नेपालको राजनीतिक मामिलामा अहस्तक्षेपको नीति लिँदै आएको बताउनुभयो । छिमेकी र मित्र देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति स्वागतयोग्य छ ।

*९ साउन २०८० (२५ जुलाई २०२३)*
***सम्पादकीय सङ्कलन, (तेस्रोखण्ड)***


## वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गवाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्वर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा वैङ्किङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं,
- स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


***नेपालकै...***

सुरू भएको छैन, अहिले काम भइरहेको नेपालकै भू-भागमा हो, त्यहाँ पनि काम नगर्न भनेर एसएसबीले रोकेको छ ।

एसएसबीले काम रोक्न भनेपछि आयोजनाका इन्जिनियरहरूले त्यसको जानकारी जिल्ला प्रशासन कार्यालयमा गराएका थिए । त्यसपछि प्रमुख जिल्ला अधिकारी दीपक नेपालले गृहमन्त्रालयमा जानकारी गराएका थिए । साथै सशस्त्र प्रहरीका अधिकारीलाई पनि सम्पर्क गरेर एसएसबीसँग सो विषयमा बुझ्न निर्देशन दिएका थिए ।

आइतबार नै भारतीय एसएसबी र नेपालको सशस्त्र प्रहरी बलका अधिकारीहरूबिच छलफल भएको थियो । तर, निकास ननिस्किएको स्रोतले बतायो । त्यसैले अहिले नेपाली भूमिमा भइरहेको तटबन्धको काम पनि रोकिएको छ ।

अभियानका प्रवक्ता जैसवाल प्रधानमन्त्री बालेन शाहले १७ जेठको संसद् बैठकमा विवादित अभिव्यक्ति दिनु अगावै एसएसबीले तटबन्ध रोक्न आएको बताउँछन् ।

उनी भन्छन्, "मेरो विचारमा प्रधानमन्त्रीको अभिव्यक्ति र यहाँको काम रोकिएको बिच सम्बन्ध छैन । बरू त्यस्तो अभिव्यक्तिले सीमा समस्या समाधानमा दीर्घकालीन असर पर्न सक्छ ।"


## हार्दिक समवेदना



जन्म: २००४/०८/०९
निधन: २०८३/०२/१०

यस संस्थाका सदस्य **कृष्ण ज्ञामरूको** असामयिक निधन भएको आज दसौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**
महेश्वरीस्थान-८, भक्तपुर



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### गतिविधि



अनिवार्य शिक्षा शिविरमा प्रमुख अतिथि वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईज्यूलाई मायाको चिनो प्रदान गर्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा । (जेठ १६)




दुईदिने साकोस व्यवस्थापन तालिममा संस्थागत प्रस्तुति दिनुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा । (जेठ १५)




सुशासनसम्बन्धी सहजीकरण गर्नुहुँदै संस्थाका उपाध्यक्ष विष्णुराम दुमरु । (जेठ १६)




वर्तमान सहकारीसम्बन्धी सहजीकरण गर्नुहुँदै संस्थाका सञ्चालक सदस्य कृष्णगोविन्द लाखाजु । (जेठ १६)




सहकारीमा नेतृत्वसम्बन्धी सहजीकरण गर्नुहुँदै संस्थाका सञ्चालक सदस्य राजन लाखा । (जेठ १५)




ऋण व्यवस्थापनसम्बन्धी सहजीकरण गर्नुहुँदै संस्थाका सञ्चालक सदस्य रामचन्द्र दुमरु । (जेठ १६)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS



## समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.

महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर, फोन नं. ०१-६६१९३३२, ६६१९८४०

## कर्जा चुक्ता गर्न आउने बारेको २१ दिने सूचना

**प्रकाशन मिति २०८३/०२/१९ गते**

यस सहकारी संस्थाबाट तपसिलमा लेखिएका तपाई ऋणी सदस्यहरूले लिनुभएको कर्जाको सावाँ ब्याज तिर्ने बुझाउने संस्थासँग गरिएको सर्तबमोजिम लिएको कर्जाको सावाँ ब्याज हर्जाना लगायतका रकम नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरी भाका नघाई बस्नुभएकोले पटकपटक मौखिक, टेलिफोन, मेसेज, पत्राचार र सूचनामार्फत कर्जा चुक्ता गर्न आउन ताकेता तथा सूचना गर्दा पनि तिर्न बुझाउन नआई कुनै चासोसमेत नदेखाई अटेर गरी बसी आएकोले कर्जा चुक्ता गर्न आउने बारेको यो २१ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पूर्ण सावाँ, ब्याज, बिलम्ब शुल्क, हर्जना, अन्य दैदस्तुर बक्यौतासमेत तिर्नु बुझाउनुहोला । अन्यथा सहकारी ऐन, सहकारी नियमावली तथा यस संस्थासँग गरिएको ऋण सर्त लिखतबमोजिम यस संस्थाको लेना रकम धितो सुरक्षणमा राखिएको घर/जग्गा सम्पत्तिबाट लिलाम बिक्री गरी असुलउपर गरि लिने व्यहोरा जानकारी गराइन्छ । कथंकदाचित सो धितो सम्पत्तिबाट नखामेमा नखामेको बक्यौता कर्जाको रकमसमेत तपाईं र तपाईंको परिवारका नाममा रहेको चलअचल जायजेथा सम्पत्तिबाट लिलाम बिक्री गरी असुलउपर गरि लिने व्यहोरा यो सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | ऋणीको फोटो | धितो दिनेको नाम थर र धितो सुरक्षणको घरजग्गा विवरण |
|---|---|---|---|
| १. | **नाम** : मनिस गाइजू<br>**बुबाको नाम** : छत्रबहादुर गाइजू<br>**बाजेको नाम** : कुलबहादुर गाइजू |  | **जग्गाधनीको नाम** : मनिस गाइजू<br>**बुबाको नाम** : छत्रबहादुर गाइजू<br>**जग्गाको विवरण** :<br>भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला ताथली वडा नं.९ ट कि.नं. १४२३ क्षे.फ.०-९-१-२ लिगापातसमेत पूरै । |
| २. | **नाम** : सुभद्रा गाइजू<br>**पतिको नाम** : मनिस गाइजू<br>**ससुराको नाम**: छत्रबहादुर गाइजू |  | **जग्गाधनीको नाम** : मनिस गाइजू<br>**बुबाको नाम** : छत्रबहादुर गाइजू<br>**जग्गाको विवरण** :<br>भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला ताथली वडा नं.९ ट कि.नं. १४२३ क्षे.फ.०-९-१-२ लिगापातसमेत पूरै । |



## समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.

महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर, फोन नं. ०१-६६१९३३२, ६६१९८४०

## धितो लिलाम बिक्रीसम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति २०८३/०२/१९ गते**

यस सहकारी संस्थाबाट तपसिलमा लेखिएका तपाई ऋणी सदस्यद्वयले तपसिलमा लेखिएको दर्तावाला व्यक्तिको घरजग्गा धितो सुरक्षण राखी व्यवसायिक कर्जाको सावाँ ब्याज तिर्ने बुझाउने संस्थासँग गरिएको सर्तबमोजिम लिएको कर्जाको सावाँ ब्याज हर्जानालगायतका रकम नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्तबन्देजहरू उल्लङ्घन गरी भाका नघाई बस्नुभएकोले पटकपटक मौखिक, टेलिफोन, मेसेज, पत्राचार र सूचनामार्फत कर्जा चुक्ता गर्न आउन ताकेता तथा सूचना गर्दा पनि तिर्न बुझाउन नआई कुनै चासोसमेत नदेखाई अटेर गरी बसी आएकोले मिति २०८२/०५/०५ गतेमा 'मजदुर' दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित र मिति २०८२/१२/२१ गतेमा 'मजदुर' दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने सूचना प्रकाशित गर्दासमेत कर्जा चुक्ता गर्न नआएको र कर्जा चुक्ता गर्न कुनै चासोसमेत नदिनुभएकोले तपाई ऋणीहरूले यस संस्थामा तिर्नु बुझाउनुपर्ने सावाँ ब्याज हर्जानालगायतका अन्य लेना दैदस्तुरसमेत यस संस्थाको लेना रकम (सावाँ ब्याज र हर्जानासमेत सम्पूर्ण) असुलउपर गर्नका लागि धितो रहेको तपसिलमा उल्लेखित अचल सम्पत्ति लिन इच्छुक व्यक्तिहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र धितो लिलामसम्बन्धी शिलबन्दी बोलपत्र यस संस्थाको कार्यालय समयभित्र पेस गर्नुहुन सूचित गरिन्छ । सो सूचना प्रकाशित भएको मितिले ३६ (छतीस) औं दिनमा वा सो दिन बिदा परेमा लगत्तै कार्यालय खुल्ने दिनमा यस संस्थाको मुख्य कार्यालय महेश्वरीस्थानमा दिनको ठीक १:०० बजे लिलाम डाँक बढाबढ गरी बिक्री गर्ने जानकारी सूचित गरिन्छ । लिलामसम्बन्धी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने बेहोरासमेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | ऋणीको फोटो | धितो दिनेको नाम थर र धितो सुरक्षणको घरजग्गा विवरण |
|---|---|---|---|
| १. | **नाम** : किरण श्रेष्ठ<br>**पिताको नाम** : हरिप्रसाद श्रेष्ठ<br>**बाजेको नाम** : रत्नलाल श्रेष्ठ<br>**सदस्यता नं.** : २३१२ |  | **जग्गाधनीको नाम** : किरण श्रेष्ठ<br>**पिताको नाम** : हरिप्रसाद श्रेष्ठ<br>**घरजग्गाको विवरण** :<br>भक्तपुर जिल्ला कटुन्जे, वडा नं. ८ (ख) स्थित कि.नं २९०४ क्षे.फ. ०-२-२-० घरजग्गा र लिगापातसमेत पूरै । |
| २. | **नाम** : इन्द्रप्रसाद कायष्ठ<br>**पिताको नाम** : कृष्णप्रसाद कायष्ठ<br>**बाजेको नाम** : मोतीचंख कायष्ठ<br>**सदस्यता नं.** : १०९९ |  | **जग्गाधनीको नाम** : किरण श्रेष्ठ<br>**पिताको नाम** : हरिप्रसाद श्रेष्ठ<br>**घरजग्गाको विवरण** :<br>भक्तपुर जिल्ला कटुञ्जे, वडा नं. ८ (ख) स्थित कि.नं २९०४ क्षे.फ. ०-२-२-० घरजग्गा र लिगापातसमेत पूरै । |

**पुनश्च**: लिलाम बढाबढ गर्ने दिन बोलपत्रदाताहरू, ऋणी वा ऋणीका प्रतिनिधिलाई उपस्थित हुन यसै सूचनाबाट जानकारी गराइन्छ । यसै सूचनाबाट बोलपत्रदाताहरू, ऋणी र धितो मञ्जुरी दिने व्यक्तिलाई सूचना प्राप्त भएको मानिनेछ । धितो लिलामसम्बन्धी सर्त बन्देजहरूलगायतका विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको सूचित गरिन्छ । लिलाम बिक्रीसम्बन्धी बोलपत्र फाराम रू. १०००/- अक्षेरूपी एक हजार रूपैयाँ तिरी संस्थाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा